**'सबैको स्वाभिभान र सबैको संमृद्धि'**

# पिपुल फर्ष्ट पार्टी

## अग्रपथको प्रस्तावना

**१.अग्रपन्थः**

गति, संगति र परिवर्तन सृष्टिको प्रथम नियम हो । संसारका सबै अस्तित्व र परिघटना गतिमा छन, संगतिमा छन र परिवर्तनमा छन । गति, संगति र परिवर्तनमा छन भने ती बाँचेका छन । तिनले विकास, प्रगति र उन्नति गरेका छन । छैनन भने ती मरेका छन । विनाश, अधोगति र पतनको शिकार भएका छन । समाज, राष्ट्र वा राज्य जडता र गतिरोधमा बाँच्न, प्रगति गर्न सक्दैन ।

स्वाभिमान र संमृद्धि मानव जातिको प्रथम आकांक्षा हो । यो आकांक्षा परिपूर्तिका मुख्य दुई आधार छन- स्व-शासन र सुशासन । जसरी स्वाभिमान विना संमृद्धि र संमृद्धि विना स्वाभिमान संभव हुँदैन, त्यसरी नै स्व-शासन विना सुशासन र सुशासन विना स्व-शासन संभव हुँदैन ।

यो हासिल गर्ने अवधारणका मुख्य दुई चरित्र हुनु पर्दछ- प्रगतिशीलता र लोकतान्त्रिक । लोकतन्त्र विनाको प्रगतिशीलता र प्रगतिशीलता विनाको लोकतन्त्रले परिणाम दिन सक्दैन। क्रान्तिको अर्थ लोकतन्त्र विनाको सामाजिक, आर्थिक प्रगति हैन नत लोकतन्त्र विनाको अरु कुनै प्रकारको राजनीति परिवर्तन नै हो ।

प्रगतिशीलता र लोकतान्त्रिकताले स्वशासन र सुशासन प्रत्याभूत गर्दछन । स्वशासन र सुशसानले स्वाभिमान र संमृद्धि ।

यी आकांक्षाको संबोधन गर्न स्वतन्त्रता, समता, न्याय र भातृत्वपूर्ण समाज चाहिन्छ । त्यस्तो समाज प्रकृतिसम्मत, विवेकसम्मत, ज्ञानविज्ञानसम्मत सर्वाङ्गिक तथा गतिशील सन्तुलनबाट मात्र संभव छ । समाज, राष्ट्र, राज्य र अर्थतन्त्रको अग्रगामी यात्राबाट मात्र संभव छ । जुन समाजमा अग्रगति हुँदैन, त्यहाँ प्रगतिको कल्पना गर्न सकिँदैन ।

यथास्थितिवाद एक आग्रह हो- यथार्थ हैन । कुनै पनि समाज कहिल्यै यथास्थितिमा बस्न सक्दैन । यथास्थितिवाद पराक्रमहीन मान्छे र शिथिल समाजको मानसिक अवस्था हो- सृष्टिको नियम हैन । यथास्थितिवादी सोचमा सपना, कल्पना, योजना र भबिष्य चिन्ताको कुनै स्थान हुँदैन । यथास्थितिवाद मूर्दाहरुको दर्शन र सोच हो, सजिव र कल्पनाशील मानिसको हैन । कल्पनाशील मान्छेको मष्तिष्क कुनै जडता र शिथिलताले गाँजेको हुँदैन, त्यो निरन्तर अग्रगामी यात्राका लागि उत्साही र जागरुक हुन्छ।

अग्रपथको प्रस्तावना

समाज, राष्ट्र र राज्य यथास्थितिमा बस्न सक्दैन । यथास्थितिमा बसेको हुँदैन, यथास्थितिमा बस्न मिल्दैन । यदाकदा यथास्थितिमा बसेजस्तो देखिए पनि भित्रभित्रै त्यो गतिमा हुन्छ । भित्रभित्रै नयाँ अन्तर्विरोध, द्वन्द्व, आन्दोलन, क्रान्ति र परिवर्तनका विउँ क्रियाशील हुन्छन्।

हरेक युगका मान्छेको एक सोच, एक सपना, एक कर्तव्य र एक ऐतिहासिक कार्यभार हुन्छ । त्यस्तो सोच र सपनाको आगोले सल्किएका मान्छेहरु सजिलै सुतेर बस्न सक्दैनन् । एपिजे अब्दुल कलामले भनेझैं सपना त्यो हैन, जो सुतेको बेला देखिन्छ । सपना त्यो हो, जसले मान्छेलाई निधाउँन दिँदैन ।

अग्रपथको सरल अर्थ हो- अगाडि जानु । अगाडि जाने बाटो । अग्रपन्थ । अग्रपन्थी विश्वदृष्टि । अग्रगामी यात्रा । समाजलाई सुसंगतिपूर्ण तरिकाले, विवेकसम्मत ढंगले, विज्ञानसम्मत विधिले अगाडि लाने प्रयत्न भएन भने त्यो कि पछाडि फर्किन खोज्छ, कि दायाँ वा बायाँ विचलनतिर लाग्दछ । अगाडिको बिकल्प पछाडि, दायाँ वा बायाँ हैनन् ।

बामपन्थ, दक्षिणपन्थ एकांकी, बेढंगी र अपूर्ण बाटो हुन । पश्चपन्थ प्रतिगामी, पछाडि फर्किन खोज्ने बाटो हो । यी सबै खाले सोच ढिलो चाँडो प्रगति र अग्रगतिको विरुद्धमा पुग्दछन । न दायाँ, न बाँया, न पछाडि बरु सधै सत्यको मार्ग अग्रपन्थ हो । अग्रपथ नै सत्यमार्ग हो । सत्यमार्ग नै विकास, प्रगति र उन्नतिको मार्ग हो । प्रकृति र सृष्टिसम्मत मार्ग हो ।

बामपन्थ प्रकारान्तले स्टालिनवाद, माओवाद, पोलपोटवादमा पुग्छ । दक्षिणपन्थ प्रकारान्तले वंशवाद, अल्पतन्त्र, फासीवाद, नाजिवाद, नश्लवाद र जातिवादमा पुग्छ । बामपन्थ होस वा दक्षिणपन्थ अन्तत्वगत्वा त्यसले पश्चपन्थमा पुर्याउँछ । तसर्थ बामपन्थ, दक्षिणपन्थ र पश्चपन्थ बीच समय, परिस्थिति र मात्रको भिन्नता हुन्छ, परिणामको हैन । कोण फरक हुन्छ, तर परिणाम एउटै आउँछ । त्यो हो- स्वतन्त्रता, समानता, न्याय र भातृत्वको हत्या । प्रकृति र मानवताको सत्यनास ।

पछाडि फर्किएर समाजले उन्नति गरेको उदाहरण संसारमा कहिँ छैन । सभ्यता र संस्कृतिमा होस कि ज्ञान, विज्ञान र प्रविधिमा, विचार, सिद्धान्त र एजेण्डामा होस कि विधि, पद्धति र प्रणालीमा, मान्छे सधै नयाँ, उन्नत र अग्रगामी बिकल्पको खोजीमा हुन्छ । निश्चय नै सर्वकालिक र साश्वत महत्वका सभ्यता, सम्पदा र संस्कृतिको संरक्षण र जगेर्ना हुनु पर्दछ । तर, सिंगो समाजलाई पछाडि फर्काउँने प्रयत्न सर्वथा अस्वीकार्य हुन्छ । अस्वीकार्य छ ।

पछाडि जस्तै दाँया र बाँया खडखडाएर हिड्नु सही बाटो हैन । सार्थक यात्रा सधै गतिशील सन्तुलनमा हुन्छ । दाँया वा वायाँ खुट्टाले एक्लै केहीबेर हिड्न नसकिने हैन । तर, केही बेर पछि लडिन्छ र यात्रा असफल हुन्छ । शास्त्रीय बामपन्थ र दक्षिणपन्थको समस्या यही हो । ती हिड्न त खोजे तर एक खुट्टाले कि दायाँ ढल्किएर कि वायाँ ढल्किएर । फलतः तिनले समाज व्यवस्था, राष्ट्रनिर्माण, राज्य संचालन, अर्थतन्त्रको संरचना र मानवीय संस्कृतिको स्थापनामा दीगो, विश्वासनीय, सार्थक र सफल प्रारुप दिन सकेनन् ।

दायाँ, बायाँ वा पछाडि हैन, सधै सन्तुलित र अगाडि बढेर मात्रै सही मार्गको अबलम्बन हुन सक्दछ । सत्यको आग्रह र सत्यमार्गको साधना हुन सक्दछ । समग्रमा सत्याग्रहको साधना गर्ने मार्ग नै अग्रपथ हो ।

सृष्टि रोकिएको कुनै क्षण नभएजस्तो मान्छे हिडेर थाकेको इतिहासको कुनै कालखण्ड छैन, हुँदैन । व्यक्ति थाक्न सक्छ । कुनै संस्था थोत्रा, पुराना हुन सक्दछन । तर, समाज कहिल्यै थाक्दैन । राष्ट्र कहिल्यै मर्दैन र राज्यलाई कहिल्यै पुरानो हुन दिन हुँदैन । कहिल्यै नथाक्ने समाज, कहिल्यै नमर्ने राष्ट्र र कहिल्यै नथोत्रिने राज्यले निरन्तर र अविचलित यात्रा गर्ने बाटो नै अग्रपथ हो ।

अगाडि बढ्न निश्चित सोच, योजना र रणनीति चाहिन्छ । अगाडि बढ्न चाल र मात्राको संगति हुनु पर्दछ । दायाँ र बायाँको सन्तुलन हुनु पर्दछ । कहाँ आइपुगियो र कहाँ जाने हो भन्ने हेक्का हुनु पर्दछ । लक्ष्य र उद्धेश्यको प्रष्टता हुनु पर्दछ । पूरा भएको यात्राको समीक्षा हुनु पर्दछ । भोग्दै गरेको वर्तमानको सही ज्ञान र मूल्यांकन हुनु पर्दछ । प्राप्त गर्नु पर्ने भबिष्य र गन्तव्यको मार्गचित्र हुनु पर्दछ ।

अग्रपथ एक असाधारण पहलदकमीको वैचारिक आधार हो । साथै संगतिपूर्ण वैचारिकीको सुसंगत प्रक्रिया हो । विगतको यात्रा, वर्तमानको यथार्थ र भविष्यको यथोचित आकलन गरेर अघि बढ्ने, परिणाम दिने गरी अघि बढ्ने विश्व दृष्टिकोण  हो । सत्य मार्गको साधना गर्न सहमत  भएका जागरुक मानिसको सामुहिक सोच हो । सोचहरुको सुसंगत श्रृंखला हो।

हरेक अस्तित्व र परिघटनाका आफ्नै  काल र दीक, टाइम एण्ड स्पेश हुन्छन । हाम्रो समय एक्काइशौं शताब्दि हो । एक्काइशौं शताब्दिसम्मको ज्ञान, विज्ञान, प्रणाली, प्रविधि, पद्धति, अनुभव र उपलब्धि हाम्रो पुँजी हो, अघि बढ्ने सामथ्र्यको स्रोत र साधन हो । र हाम्रो स्पेश संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल हो ।

एक्काइशौं शताब्दिको अर्थ हामी विगत शताब्दिका, अठारौं, उन्नाईशौं र बीसौं शताब्दिका वैचारिक पूर्वाग्रह, दार्शनिक भ्रम र राजनीतिक विचारधाराका पर्खालले रोकिन सक्दैनौं । त्यो समयको समाज व्यवस्था र अर्थसंचरनाको सापेक्षतामा बनेका सिद्धान्तका भारले थिचिएर हिड्न अब सकिँदैन ।

त्यो समयका विचार  र दर्शन त्यो समयका थिए । त्यो समयका आन्दोलन र क्रान्ति त्यो समयका थिए । त्यो समयका ज्ञान, विज्ञान र प्रविधि त्यो समयका थिए । यदि ती सबै सही, उपयुक्त र पर्याप्त हुन्थे त आज हामी नयाँ चिजको खोजी गर्दै हुँदैनन्थौं । आज पनि मान्छे केही नयाँ चिजकै खोजीमा छ भने प्रष्ट कुरा हो कि हिजाका ती पर्याप्त थिएनन् ।

विगत शताब्दिका वैचारिक मतको प्रतिरक्षा मात्र गरेर अग्रगामी हुन सकिँदैन ।  त्यसो गर्नु एक प्रकारको पन्थता, मतान्धता हुन्छ । पन्थता वा मतान्धताको रंग रातो होस कि नीलो, कालो हो कि सेतो वा खैरो, प्रकारान्तले त्यो पश्चगमन नै हो । कुनै पन्थ वा मतको मोह भन्दा माथि सत्यको मोह हुन पर्दछ ।

सत्यनिष्ठा नै अग्रपथको सार हो । जो सत्यको बाटोमा छ त्यो निसन्देह अग्रगामी हुन्छ र जो अग्रगामी छ, उसले निसन्देह सत्यमार्ग नै अबलम्बन गर्दछ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्पेश आफै बनेको हैन । यसका पछाडि जनसंघर्षको एक लामो, कष्टसाध्य र गौरव गर्न योग्य इतिहास छ । यो कुनै कथा हैन, हाम्रो यथार्थ, हाम्रो इतिहासको गाथा हो । हाम्रो राष्ट्रिय जीवनको सार  हो । हाम्रा पुर्खाहरुको विरासत हो ।  संघीय लोकतान्त्रिक गणतन्त्र सत्यमार्ग कै, अग्रपथकै एक उकाली हो । उकालीमा भेटिएको एक चौतारी हो ।

अग्रगामी यात्राको अन्तिम गन्तव्य यही भने हैन । हामीलाई अझ अगाडि बढ्नु छ । संघीय लोकतान्त्रिक गणतन्त्रको प्रारुप र यसका  अवयवलाई अझ ठोस, जीवन्त र मूर्त बनाउँनु छ । हामीले व्यवहारबाट यो भोगेका, बुझेका छौं कि यो काम, यो कार्यभार बामपन्थी, दक्षिणपन्थी वा पश्चगामीहरुबाट पूरा हुँदैन । हुन संभव छैन । हुन सकेन । हुन्थ्यो त अहिलेसम्ममा भइसक्थ्यो । हुने संभावना छैन ।

देशलाई एक अग्रगामी, प्रगतिशील, समावेशी र लोकतान्त्रिक राजनीतिक शक्तिको खाँचो छ । यो अवश्यकता अहिलेका कुनै पनि शक्ति, समूह  र दलबाट पूरा हुँदैन भन्ने पुष्टि भइसकेको छ ।

नयाँ शक्ति आफैमा एक नयाँ जीवन तत्व र नयाँ प्रक्रियाबाट बन्नु पर्दछ । शब्द जपेर ‘नयाँ’ हुइँदैन । ‘नयाँ’ गुण बिनाको ‘नयाँ हुँ’ भन्ने दाबी राजनीतिक ठगी धन्दा र अपराध हो ।  यदि नयाँ हो भने त्यो नयाँ केके हो, त्यो प्रष्ट देखिने, छोइने, बुझिने हुनु पर्दछ । अभ्यास, अनुभव र परिणामद्धारा ‘नयाँपन’ पुष्टि हुनु पर्दछ ।

यस बीच, विगत एक दशक यता नयाँ भनिनेहरु धेरै आए, तर, ती सबै आफैमा नयाँ थिएनन् । यदि नयाँ हुन्थ्यो त पुरानासंगको भिन्नता प्रष्ट देखिन्थ्यो । नयाँ र पुरानालाई फरक गर्ने प्रष्ट मानक हुन्थे । व्यवहारले परैबाट छुट्टिन, छुट्याउँन सकिने खालको हुनु पर्दथ्यो । तर, त्यस्तो भएन । नयाँ भनिएकाहरुमा पनि पुरानै सोच, संस्कार, व्यवहार, चरित्र र प्रवृति देखियो । तसर्थ, ती टिकेनन, चलेनन, सही बिकल्प बन्न सकेनन्  । कुनै समाधान दिन नसकेनर आफै सकिएर गए । अधैर्यता, हापझाप र हतारो गर्दै पुरानातिरै फर्किए । फर्किदैछन ।

ठीक त्यही र त्यस्तै झुठलाई दोहोर्याउँने छुट अबका अग्रगामीलाई हुँदैन । नयाँ भनिएकाहरु साँचो अर्थमा नै नयाँ हुनु पर्दछ । सोच, संरचना र कार्यशैलीमाच नयाँपन देखिन पर्दछ । चिन्तन र व्यवहारमा त्यो प्रष्ट हुनु पर्दछ । विचार, सिद्धान्त, एजेण्डा र प्रारुपमा त्यो सबैले बुझ्ने गरी अभिव्यक्त हुनु पर्दछ ।

**२.इतिहासको समीक्षाः**

इतिहास न वर्ग-संघर्ष हो न धर्म-संघर्ष, न नश्ल-संघर्ष हो, जाति-संघर्ष, न लिङ संघर्ष हो न वर्ण संघर्ष, न शक्ति संघर्ष हो न सभ्यता संघर्ष ।  यथार्थमा इतिहास सोच-संघर्ष हो । फरक बुझाई र अवधारणा बीचको

संघर्ष हो । फरकफरक सपना, परिकल्पना र परियोजना बीचको संघर्ष हो ।  मान्छेले कुनै अस्तित्व वा परिघटनालाई कसरी बुझे, त्यसबारे कस्तो बुझाई वा समझ बनाए, तिनहरु बीचको संघर्षले नै आजसम्मको मानव जातिको इतिहास बनेको हो ।

इतिहासको विकासक्रमलाई मूलतः तीन भागमा बाँड्न सकिन्छ । प्राचीनकाल, मध्यकाल, आधुनिककाल । इतिहासका यी कालखण्डलाई  समय अबधि गणना पनि गर्न सकिएला तर त्यो मूल कुरा हैन, युग मान्छेको सोच्ने तरिकामा आएका भिन्नताको कारण निर्मित भएका हुन । समय अबधिका हिसाबले यी लामा वा छोटा हुन सक्दछन । कुनै देशमा अघि र कुनै देशमा पछि भएका हुन सक्दछन । तर, यसको अन्तर्यमा रहेको सार एउटै हुन्छ  ।

प्राचीनकालमा मान्छे प्रकृतिप्रतिको जिज्ञासा र उत्सुकताले भरिएका थिए । ज्ञान, विज्ञान र प्रविधि सरल र सीमित थियो । राज्यहरु भरखरै बन्न थालेका थिए । ठूला धर्म सम्प्रदायहरु निर्माण नै भएका थिएनन् । राज्यका सीमाहरु स्थीर थिएनन् । लोकतन्त्र स्थानीय प्रकृतिको थियो । यो कालमा मान्छेले भाषा र सभ्यता निर्माण गर्दै थियो । गाउँवस्ती र उत्पादन प्रणाली निर्माण गर्दै थियो ।

मध्यकालको अर्थ तुलनात्मक रुपमा स्थीर राज्य र साम्राज्यको युग हो । वंशवाद, राजतन्त्र, निरंकुशता, शक्ति संघर्ष, ठूला धर्म सम्प्रदायहरुको बर्चश्वको युग हो । कतिपय इतिहासकार यो युगलाई ‘अन्धकार र बर्बरताको युग’ भन्ने गर्दछन । रुढीवाद र अन्धविश्वासको युग भन्ने गर्दछन । यो युगमाथि निर्मम समीक्षा, पुनर्जाजरण र प्रवोधन भएर नै आधुनिक युगको शुरुवात भएको थियो ।

आधुनिक युगको अन्तर्यमा हुने पहिलो विशेषता ‘विज्ञानसम्मत चेतना र स्वतन्त्रतासम्मत नागरिक अधिकार’ हो । जहाँबाट स्वतन्त्रताको सोच शुरुवात हुन्छ, त्यहीनेरबाट आधुनिकता शुरुवात हुन्छ । स्वतन्त्रताको अर्थ विचार अभिव्यक्ति र राजनीतिक संगठनको स्वतन्त्रता मात्र हैन । स्वतन्त्रताको निक्कै बृहत र फराकिलो आयाम हुन्छ । स्वतन्त्रताभित्र वैयक्तिक स्वतन्ता, आर्थिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता, सामाजिक स्वतन्त्रता, सांस्कृतिक स्वतन्त्रता, पर्यावरणीय अधिकार सबै प्रकारका स्वतन्त्रता पर्दछ । लोकतन्त्र भनेकै स्वतन्त्रताको सोचमा उभिएको राजनीतिक प्रणाली वा शासन व्यवस्था हो ।

नेपाली इतिहासको प्राचीनता, मध्यकाल र आधुनिकतालाई उपरोक्त विश्व मापदंडबाट हेर्न आवश्यक छ । चाहे गोपाल हुन वा महिषपाल, किरात हुन वा लिच्छवी, मल्ल हुन वा ठकुरी, शाह हुन वा राणा, वंशवादी राजतन्त्रत्मक पारिवारिक शासन व्यवस्थाबाट आधुनिकताको शुरुवात हुँदैन । त्यो मध्यकाल हुन्छ ।

नेपाल राज्यमा शाहवंशको स्थापनाबाट आधुनिक नेपाल शुरुवात हुँदैन । न निरंकुश राजतन्त्र र राणा शासनलाई आधुनिक शासन प्रणाली मान्न सकिन्छ न निर्दलीय पञ्चायती व्यवस्थालाई ।

आधुनिकताका अर्थ भूगोलको सीमा वा क्षेत्रफल हैन, मानवीय सोच र शासन व्यस्वथाको चरित्र, संचरना र प्रणाली हो । प्राचीन र मध्यकालका कयौं ऐतिहासिक पात्रहरुको यथोचित मूल्यांकन र सम्मान गर्नु पर्ने

दायित्व हाम्रो काँधमा छ तर त्यसलाई नै आधुनिकताको प्रस्थान विन्दू बनाउँन वा मान्न सकिन्न । वंशवाद, बर्बरता, निरंकुशता र रुढीवादलाई  आधारशीला बनाएर आधुनिक राष्ट्रिय-राज्य सगौरव उभिन र अघि बढ्न सक्दैन ।

आधुनिकता र आधुनिक राष्ट्रिय-राज्यको इतिहास त्यहाँबाट शुरुवात हुन्छ, जहाँबाट  स्वतन्त्रता, समानता, मातृत्व, न्याय, स्वाभिमान र संमृद्धिको आन्दोलन शुरुवात हुन्छ । आधुनिकताको प्रथम बिशेषता नागरिक अधिकार र सार्वभौमसत्ताको वैचारिक प्रबोधन हो । रैतीबाट सार्वभौम नागरिक हुने, अन्धविकास, धर्मान्धता र रुढीवादबाट विज्ञानसम्मत हुने यात्रालाई नै आधुनिकता भनिन्छ।

**३.समकालिन नेपालको यथार्थः**

नेपालको लोकतान्त्रिक आन्दोलनको इतिहास करिब ९ दशक लामो छ । वि.स.१९९० को दशकमा प्रजापरिषदको गठन र निरंकुश जहाँनिया राणा शासन विरुद्धको जनजागरण र जनसंघर्षबाट यो प्रक्रिया प्रारम्भ भएको थियो । यी आन्दोलनको जगमा स्वतन्त्रता, समानता, भातृत्व, न्याय, स्वाभिमान र संमृद्धिको आकांक्षा थियो ।  नागरिक अधिकार प्राप्ति र प्रत्याभूतिको सोच थियो  । नेपालको आधुनिककाल यहीबाट शुरुवात भएको हो ।

यस क्रममा २००७, २०४६, २०६२\२०६३ लगायत कयौं महत्वपूर्ण आन्दोलन तथा जनविद्रोह भए ।  यी आन्दोलन र जनविद्रोहले जहाँनिया राणाशासन, निर्दलीय पञ्चायती व्यवस्था र शाहवंशीय राजतन्त्रको अन्त्य गर्यो । यसक्रममा नेपाली जनताले साहसिक, दृढ, कठोर र बलिदानपूर्ण संघर्ष गरे । लोकतान्त्रिकरण आन्दोलनको हाम्रो यो इतिहास गौरव गर्न योग्य छ । लोकतान्त्रिक आन्दोलनका शहिद र योद्धा सर्वथा चीरस्मरणीय छन । त्यसैको बलमा हामीले अहिलेको 'संघीय लोकतान्त्रिक गणतन्त्र' प्राप्त गरेका हौं ।

आज गणतन्त्र, लोकतन्त्र, संघीयता र  धार्मिक स्वतन्त्रता हाम्रो संवैधानिक व्यवस्थाका मुख्य वैचारिक आधार आधारशीला हुन । संगसंगै समावेशिता, सकारात्मक विभेद, सामाजिक न्याय, समाजवाद-उन्मुख उत्तिकै महत्वपूर्ण मार्गदर्शन हुन ।

तर, स्थापित वैचारिक आधारस्तम्भ अनुरुप संवैधानिक प्रावधान र अभ्यास क्रियाशील छ कि छैन भन्ने बहस एकातिर छ भने २०४६ साल यताको करिब ३ दशक बढी समय अबधिको मूल्यांकन गर्दा देश किञ्चित अगाडि बढ्न सकेको देखिन्न । केही मात्रात्मक परिर्वतन र विकास अवश्य भए तर गुणात्मक दृष्टिले हेर्दा स्थिति निक्कै निरासाजनक छ ।

जनताले जुन उत्साह र बलिदानी भावनाका साथ लोकतान्त्रिक जनआन्दोलन, संघर्ष र विद्रोहमा साथ दिए- तथाकथित नेतृत्वकर्ता  शक्ति, दल र नेताहरुले त्यसलाई सम्मान र न्याय गर्न भने सकेनन् । क्रान्ति

सम्पन्न भएको केही समय नबित्दै क्रान्तिकारीहरु एकपछि अर्को गर्दै प्रतिक्रान्तिकारी, भ्रान्तिकारी, भ्रष्टाचारी र दुराचारी हुँदै गए ।

तिनले क्रान्तिकारी जनभावनालाई लत्याउँदै आफूलाई नयाँ शासक र शोषक वर्गका रुपमा स्थापित गरे । क्रान्तिकालमा जनतासामु गरेको वाचा परित्याग गर्दै हिजोका योगदानको साँवा मात्रै हैन, ब्याजको स्याँज असुल्नतिर लागे । लुटतन्त्रलाई मजबुत बनाउँन दलतन्त्र, गुटतन्त्र र नेतातन्त्र कायम गर्नतिर लागे, लोकतन्त्रलाई कमजोर र नाम मात्रको बनाए ।

ती दल र नेताहरु विशेषतः आधारभूत लोकतन्त्रको स्थापनापछि लोकतन्त्रको सघनीकरण, सहभागितामुलक लोकतन्त्रको प्रत्याभूतिका साथै ‘समावेशिता, सुशासन र संमृद्धिको युग’ को नेतृत्व लिन र देशका युगिन कार्यभार पूरा गर्न बिल्कुलै असमर्थ र नालयाक रहे ।

लोकतान्त्रिक आन्दोलनको अबिध निक्कै लामो रह्यो तर उपलब्धी थोरै भयो । संघर्ष र बलिदानका तुलनामा परिणाम सीमित भए । ‘धेरै ढिलो गरी, थोरै उपलब्धि’ (To Little, To Late) को अवस्था आयो । यति लामो समयाबधि पार गरि सक्दा देश विश्वका अरु धेरै देशजस्तै विकसित, संमृद्ध, सुशासित र सुसंस्कृत हुन सकेन । कहिल्यै अन्त्य नहुने राजनीतिक झगडा, गुटबन्दी, रडाको र अस्थिरताले समग्र राष्ट्रिय जीवन नै थङथिलो भैरह्यो । लोकतान्त्रिक राजनीतिले सुसंगतिपूर्ण बाटो पक्रिन सकेन । सामाजिक न्याय, मानवीय, भौतिक तथा आर्थिक विकास, सुशासन र संमृद्धिको विश्वस्तरबाट हेर्दा राष्ट्र धेरै पछाडि रह्यो ।

कांग्रेस, कम्युनिष्टजस्ता दलहरुले आलोपालो राज्य संचालन गरेको ३ दशक बढी समयमा राज्यसत्ताको चरित्र परिवर्तन, शासनप्रशासनको गुणस्तरीकरण, भ्रष्टाचार, बेथिति र अनियमितताको अन्त्य, अर्थतन्त्रको गुणात्मक सुधार र लोकतान्त्रिक संस्कृतिको स्थापनामा कुनै उल्लेखनीय उपलब्धि हासिल भएको छैन । बरु झनझन क्षयीकरण हुँदै गएको छ ।

देश आज पनि गरिब छ । करिब २० प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनी र करिब ३० प्रतिशत जनता बहुआयामिक गरिबीको शिकार छन । देशभित्र रोजगारको व्यवस्था हुन नसकेको कारणले लाखौं श्रमयोग्य युवायुवती विदेशिएका छन। अर्थतन्त्र आयातमुखी, उपभोगमुखी र संकटग्रस्त छ । उत्पादनशील कृषिप्रधान चरित्र अन्त्य भइ अर्थतन्त्र बिप्रेषणप्रधान बन्न पुगेको छ । निर्यातभन्दा आयात १८ गुणासम्म बढी हुने गरेको छ ।

शिक्षा, स्वास्थ्य र आवासजस्ता आधारभूत सेवासुविधा सर्वसाधारण जनताको पहुँच बाहिर वा असाध्यै महंगो भएका छन । महंगी, मुद्रास्फिति, न्युन आयस्तर र चर्को बजार मूल्यस्तरको कारण सर्वसाधारणको जीवन निर्वाह कठिन हुँदै गएको छ ।

भ्रष्टाचार, वेथिती र कुशासनको कुनै सीमा छैन । भ्रष्टाचारका ठूल्ठूला काण्डहरुको छानविन र कार्वाही गर्नुको साटो मिलोमतोमा भित्रभित्रै गुपचुप पार्ने गरिएको छ । यस्तो कार्यमा राज्यका सबै तह र अंग सामेल छन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सर्वोच्च अदालतजस्ता नियमक तथा न्यायिक संस्थाहरुको चरम राजनीतिकरण तथा दलीयकरण भएको छ । यिनीहरुले आफ्नो विश्वासनीयता गुमाएका छन। न्यायलयको निष्पक्षता र प्रभावकारिता शंकाको घेराभित्र परेको छ ।

संविधानवाद, विधिको शासन, शक्ति पृथकीकरण, सन्तुलन र नियन्त्रणजस्ता लोकतान्त्रिक सिद्धान्त संकटग्रस्त छन । जतातत‍ै 'सेटिङ राज्य' र 'लुटतन्त्र' को निर्बस्त्र तथा निर्लज्ज अभ्यास भइरहेको छ । दलीय झगडा र गुट स्वार्थका लागि असंवैधानिक तबरले संसद विघठन गर्ने सम्मको प्रवृति देखिएको छ । दलहरुभित्रको आन्तरिक समस्या लोकतान्त्रिक विधि र पद्धतिबाट हल गर्नुको साटो त्यसका लागि समेत संविधान र राज्य प्रक्रियामाथि चोट पुर्याउँने गरिएको छ । लोकतन्त्रको शुद्धता, पवित्रता र सौन्दर्य चौतर्फी आक्रमणको शिकार भएको छ।

लोकतन्त्रलाई दलतन्त्रमा सीमित गर्न खोजिएको छ । दलहरुमा पर्याप्त अन्तर्पार्टी लोकतन्त्र छैन । दलहरु निश्चित नेताका गुट वा निजी कम्पनीजस्तो भएका छन । दलहरुभित्र विधिसम्मत तथा संस्थागत नेतृत्व हस्तान्तरणको प्रक्रिया कमजोर छ । दशकौंदेखि उनै अनुहार राष्ट्रिय राजनीतिको परिदृष्यमा घुमिरहेका छन । ती एकातिर असक्षम र अलोकप्रिय छन तर अनेक प्रकारका गठबन्धन र सेन्डिकेटतन्त्र कायम गरी देश र जनतामाथि प्राविधिक तबरले लादिएका छन ।

देशमा शीर्ष नेतृत्व नामको 'शक्ति संभ्रान्तहरुको वृत्त' तयार भएको छ।    यसले पद, प्रतिष्ठा र पैसाको आशक्ति वा अबान्छित मोहभित्र देशलाई कैद गरेको छ । यो प्रवृत्ति देश र जनताको भबिष्य बेहाल र बर्बाद बनाउँने कारकतत्व बनेको छ । अस्थीर, अबान्छित, अवैचारिक, अप्राकृतिक तथा विजातीय गठबन्धन बनाएर नागरिक तथा मतदाताको छनौटका विकल्पलाई भयावह ढंगले संकुचन र सीमितिकरण गरिदैछ ।

सर्वसाधारणले उम्मेवार हुन समेत आँट गर्न नसक्ने गरी चुनाव खर्चिलो हुँदै गएको छ । निर्वाचन आयोगलगायतका निकायले चुनावमा हुने अबान्छित क्रियाकलाप, कालो धन र गैरकानुनी खर्चको बलियो अनुगमन तथा नियमन गर्न सकेका छैनन् । लोकतन्त्रले स्वच्छता, निष्पक्षता र पारदर्शिताजस्ता गुण गुमाउँदै गएको छ । निर्वाचन परिणामलाई 'प्रायोजित नतिजा र खरिदिएको जनादेश' बनाउँने प्रवृति हाबी भएको छ।

देशको सामाजिक विविधता र साँस्कृतिक बहुलतालाई यथोचित संरचनात्मक संवोधन गरिएको छैन । संघीयता शुरुवात भएको छ तर तदनुरुप प्रशासनिक तथा वित्तिय संघीयता कार्यान्वयन भएको छैन । प्रदेश सिमांकन तथा नामांकन सम्बन्धि बहस कायमै छन। बहुभाषिक नीति कार्यान्वयन गर्न राज्य संचालक अनिच्छुक देखिन्छन । राज्यको एकात्मक तथा केन्द्रिकृत चरित्रलाई विभिन्न बहानामा कायमै

राख्ने षडयन्त्र भइरहेका छन्। शक्तिको निक्षेपण, स्थानीय स्वशासन र प्रादेशिक स्वायक्तताजस्ता अवधारणा राम्ररी क्रियाशील हुन नदिने संकीर्ण मानसिकता सर्वत्र व्यप्त छ।

पुरातन तथा शास्त्रीय दलहरुद्धारा संचालित राज्यसत्ता, सामाजिक व्यवस्था र अर्थतन्त्रको अवस्था सन्तोषजनक छैन । यही सन्दर्भमा 'बैकल्पिक राजनीति' र 'बैकल्पिक राजनीतिक शक्ति' को आवश्यकता र औचित्यबारे बहस उठेको थियो ।

तर, त्यसको नाममा अघि आएका दलहरुमा पनि अग्रगामी र सुसंगत दृष्टिकोण पाइएन । 'बैकल्पिक राजनीति' को अवसर छोप्न आएका केही नेताहरु सोचेजस्तो राजनीतिक लाभ नभएपछि अस्थीरता र निरासाको शिकार हुँदै राजनीतिक करिअरको खोजीमा चरम बामपन्थी र चरम दक्षिणपन्थी कित्तातिर प्रवेश र पलायन भए ।

कतिपय समूह र तिनका नेतामा सतहीपन, हिरोइज्म र पपुलिज्मको प्रवृति देखियो । दृढता र धैर्यतापूर्वक अग्रगामी लोकतान्त्रिक विकल्प निर्माण गर्नेतिर लाग्नुको साटो तिनले सत्तालिप्सा र दोहोरो मापदंडको गोलचक्करभित्र आफूलाई फसाए । र आफ्नो विश्वासनीयता आफै कमजोर बनाए ।

सहभागितामुलक लोकतन्त्र, सार्थक समावेशिता, सुशासन र समतामुलक संमृद्धिको महाअभियानलाई न्याय गर्न आज सबै प्रकारका संकीर्णता, भ्रष्टता, सतहीपन र लोकरिज्याइँबाट मुक्त एक अग्रगामी राजनीति शक्तिको आवश्यकता टट्कारो भएको छ । एउटा त्यस्तो राजनीतिक शक्ति जो विचारमा प्रष्ट, व्यवहारमा सुसंस्कृत, सोचमा कल्पनाशील र सामर्थ्यमा नेतृत्वदायी होस ।

**४.दर्शन र विचारधाराः**

अग्रपथको दर्शन एक यस्तो बहुआयामिक सर्वाङ्गिकता हो, जसमा प्रकृतिवाद, मानवतावाद, विवेकतन्त्र र विज्ञानवादको समिश्रण हुन्छ । यसले प्रकृतिसम्मत, मानवसम्मत, विवेकसम्मत र विज्ञानसम्मत सोचबाट आफूलाई निर्देशित गर्ने छ ।

एक्काइशौं शताब्दि विगत शताब्दिका राजनीतिक विचारधाराप्रतिको एकांकी निष्ठा र अभ्यासबाट अघि बढ्न सक्दैन । रुढीवाद, फासीवाद, अराजकतावाद, साम्यवाद, संकीर्ण राष्ट्रवाद, धर्मान्धतावाद, जातिवाद वा क्षेत्रीयतावादजस्ता विचारधारा असफल र असान्दर्भिक भइसकेका छन । अग्रपथले यी र यस्ता विचारधारालाई पूर्णतः अस्वीकार गर्दछ ।

उदारवाद, समाजवाद, संघवाद, महिलावाद, जैविकतावाद र प्रगतिशील राष्ट्रवादजस्ता विचारधाराका सकारात्मक पक्ष र अनुभवहरु नयाँ स्तरमा संश्लेषित हुन आवश्यक छ । अग्रपन्थी दृष्टिकोणमा पूर्ववर्ती विचारधाराका सकारात्मक पक्षहरुको 'सामन्जस्यतापूर्ण एकत्रिकरण' संभव र आवश्यक छ । हिजोका सबै विचारधारा मानव इतिहासका वैचारिक तथा अभौतिक सम्पदा थिए । ती सबैमाथि हाम्रो अधिकार छ । यदि सही र उपयुक्त छन भने ती कुनै प्रति हामी पूर्वाग्रही हुन हुँदैन ।

राम्रा कुरा सबैबाट लिनु, सिक्नु पर्दछ । तर, त्यसको मूल पक्षलाइ भने सधै केन्द्रमा राख्नु पर्दछ । प्रगतिशील र लोकतान्त्रिक चरित्र आत्मसात गरी स्व-शासन र सुशासनको माध्यमबाट स्वाभिमान रसंमृद्धि हासिल गर्नु हाम्रो विचारधारको मूल पक्ष हो । यस कार्यमा सहयोगी र उपयोगी हुन सक्ने सबै वैचारिक प्रस्तावना तथा सैद्धान्तिक प्रारुपप्रति हाम्रो सहमति हुनेछ ।

विचारधारको बिषय हिजोका सैद्धान्तिक र व्यवहारिक अनुभवको संश्लेषण मात्र हैन, आजका समस्या, संभावना र चुनौति सामना गर्ने प्रस्तावना पनि हो । अग्रपथले कुनै पुरानो एक वैचारिक चारकिल्लाभित्र आफूलाई बाँधेर राख्न सक्दैन । विगतका सकारात्मक विरासतलाई आत्मसात गर्नुका साथै नयाँ ज्ञानविज्ञान विकास र सृजनाका आधारमा आफूलाई परिष्कृत र परिमार्जित गर्दै जान्छ । राजनीतिक विचारधाराका कुनै एकलाई छानेर त्यसमा जस्तोको त्यस्तै टाँसिन सक्ने युग अब रहेन । अग्रपन्थ एक्काइशौं शताब्दिको सापेक्षतामा सृजनशील विचारधाराको एक नयाँ आयाम हो ।

**५.राष्ट्र र राज्यको चरित्रः**

राज्य के हो ? राष्ट्र के हो ? राष्ट्र र राज्य बीचको सम्बन्ध कस्तो हुनु पर्दछ ? कस्तो राष्ट्र छ ? कस्तो राज्य बनाउँने ? यी प्रश्नले राजनीतिक विचारधारा, दृष्टिकोण र कार्यदिशा निर्धारणमा गम्भीर अर्थ राख्दछन ।

राज्यको उत्पति, विकास र सान्दर्भिकताबारे आजसम्मका विचारधाराले जे भन्दै र अभ्यास गर्दै आए, ती उचित र यथोचित देखिएनन् । राज्य सम्बन्धी क्रमिक विकासको सिद्धान्तले मानिसको सामाजिक सम्बन्ध क्रमिक विकास हुँदै जाँदा सामाजिक संगठनको उच्चतम् तथा राजनीतिक अभिव्यक्तिका रुपमा राज्यको उदय मान्यो ।

यो अवधारणा अनुसार मानव समुदाय ठूलो हुँदै जाँदा गाउँ\नगर बने । गाउँ÷नगरको व्यवस्थापन गर्न 'सार्वजनिक प्राधिकार' (Public Authority) को उदय भयो । ती 'नगर-राज्य' (City-State) बन्न थाले । त्यसैको विकास र विस्तार नै आधुनिक राष्ट्रिय-राज्य (Nation–State) बनेका हुन । यो धारणाले राष्ट्र तथा राज्य निर्माण प्रक्रियालाई स्वस्फूर्ततावादी तथा तदर्थवादी दृष्टिकोण हेर्दछ ।

दोस्रो- बल प्रयोग वा शक्तिको सिद्धान्तले भने मानिसलाई जन्मजात शक्तिको चाहना राख्ने प्राणीका रुपमा चित्रण गर्यो । एक मानिसले अर्को मानिसमाथि, एक परिवारले अर्को परिवारमाथि, एक समुदायले अर्को समुदायमाथि, एक राष्ट्रले अर्को राष्ट्रमाथि प्रभुत्व, आधिपत्य व बर्चश्व जमाउँने प्रक्रियाका रुपमा बुझ्यो । राज्य सम्बन्धि यस्तो दृष्टिकोणले शक्ति तथा सत्ता संघर्षलाई जायज, बैधानिक र अन्त्यहीन बनायो । राजनीतिक तनाव, द्वन्द्व, संघर्ष, लडाई, गृहयृद्ध र युद्ध प्रोत्साहित भए ।

तेस्रो- दैवीशक्तिको सिद्धान्तले भगवानले मानिसको कल्याण गर्ने दायित्व सुम्पेर केही असल मानिस धर्तीमा पठाउँने र तिनले शासकको दायित्व निर्वाह गर्ने धारणा राख्दथ्यो । यो आफैमा एक अवैज्ञानिक

अग्रपथको प्रस्तावना

धारणा थियो । यो धारणामा धर्मगुरु, निरंकुश राजतन्त्र, वंशवाद र अल्पतन्त्रले स्थान पाए । निश्चित मान्छे जन्मिदै शासक र अरु जन्मिदै शासित हुन जन्मिएका हुन्छन भन्ने बिल्कुलै गलत धारणालाई मलजल गर्यो ।

चौथो- वर्ग-संघर्षको सिद्धान्तले 'निजी सम्पति' ले 'वर्ग' र वर्गस्वार्थले राज्यको जन्म भएको विश्वास गर्दथ्यो । यो सिद्धान्तमा निजी सम्पति नहुँदा वर्ग थिएन, बर्ग नहुन्जेल बर्गीय स्वार्थ पनि थिएन, राज्य पनि थिएन । जब वर्ग बन्यो, उत्पादन साधनको स्वामित्व र सम्पतिका लागि एउटा वर्गले अर्को वर्गलाई दमन गर्न थाल्यो । तसर्थ राज्यको उत्पति भयो । यो सिद्धान्त अनुसार राज्य भनेको वर्गीय दमनको औजार हो । जब वर्गको अन्त्य हुने छ, फेरि राज्यको अन्त्य हुनेछ ।

यो सिद्धान्त कहिँ कतै पुष्टि नहुने एक आर्दश परिकल्पनाजस्तो छ । राज्यविहिन मानव समाज हुन सक्दछ वा सक्दैन भन्ने प्रश्न दार्शनिक तहकै विवादस्पद छ । यो मान्यतामा बनेका साम्यवादी राज्यहरुले वर्गविहीन समाजको स्थापना गर्न त सकेनन् नै, बरु आफै पतन भएर गए ।

पाँचौं-सामाजिक सम्झौताको सिद्धान्तले 'जीवन, सम्पति र स्वतन्त्रता' को रक्षा गर्न कुनै न कुनै प्रकारको शक्तिशाली संस्था आवश्यक तथा अपरिहार्य भएको हुँदा त्यसको परिपूर्ति गर्न समाजले आपसमा सम्झौता गरी राज्यको उत्पति हुने धारणा राख्दछ। यो धारणाबाट उदार लोकतन्त्रको भावना र प्रणाली विकास भएको छ । तर, यसका पनि थुप्रै कमजोर र सीमा देखिएका छन, त्यसलाई परिपूर्ति गर्न आवश्यक भएको छ ।

अग्रपथले यी कुनै पनि सिद्धान्तलाई जस्ताको त्यस्तै स्वीकार गर्दैन। अग्रपथले राज्य सम्बन्धि एक नयाँ सिद्धान्तको घोषणा र पक्षपोषण गर्दछ, त्यो हो- मानवीय अवश्यकता व्यवस्थापन सिद्धान्त ।

यो सिद्धान्तअनुसार राज्य सामाजिक संगठनको सर्वोच्च अभिव्यक्ति हो, जसले मानवीय आवश्यकताको व्यवस्थापन वा परिपूर्ति गर्न असल भावना, विवेक, कौशल, साहस, समर्पण, प्रतिबद्धता, विश्वासनीयता, शक्ति, स्रोतसाधन र निष्ठासहितको प्रयत्न गर्दछ वा गर्नु पर्दछ । जुन राज्यले यस्तो प्रयत्न गर्दछ त्यो बैधानिक राज्य हो । जुन राज्यले यो काम गर्दैन वा गर्ने क्षमता राख्दैन, त्यसलाई भंग गर्नु नागरिक अधिकार र कर्तव्य हो । राज्य सार्वभौमसत्तासम्पन्न नागरिकको सामुहिक हितको प्रबन्धन गर्ने उच्चतम् राजनीतिक संगठन हो ।

राज्य एक राजनीतिक संगठन हो र राष्ट्र साझा भूगोल, साझा हित, साझा भाषा, साझा संस्कृति, आर्थिक जीवन र मनोविज्ञान भएको मानव समुदाय हो । कुनै मान्यताप्राप्त राज्यको सीमाभित्र बस्ने वा बाहिर बसे पनि त्यससंग कुनै न कुनै प्रकारले जोडिएका सबै मान्छे नै राष्ट्र हुन । अग्रपन्थी दृष्टिकोणमा राष्ट्र भूगोल र सीमानामा सीमित नभएर 'मान्छे' केन्द्रित हुन्छ । राष्ट्र भूगोल र जनसंख्या दुबै हो, तर यी मध्ये पनि मुख्य जनसंख्या र त्यसको मनोभावना हो । अन्तिम निष्कर्षमा राष्ट्र भनेको जनता हो ।

**६.मूल्य प्रणाली**

सिद्धान्त, संरचना र संस्थागत प्रक्रियाले मात्र प्रत्याभूत गर्न नसकिने नैतिक प्रचलन तथा व्यवहारिक आचारणद्धारा आत्मसात र पुष्ट्याई गर्नु पर्ने बृहत्त मानवीय चरित्रको आधार मूल्य प्रणाली हो । राजनीतिक दल र राज्यका लागि मूल्य प्रणाली प्राणीहरुको जैविक अनुवंश ( जिन) जत्तिकै महत्वपूर्ण हुन्छ ।

अग्रपथले आत्मसात गरेको मूल्य प्रणालीका मुख्य ७ तत्व १. सार्वभौमिकता २. न्याय ३. साहास, ४. उद्यमशीलता ५.परिणाम ६. रचनात्मकता र ७. सदाचार हुन ।

प्रकृतिका सबै अस्तित्व आफैमा एक सार्वभौम एकाई हुन । हरेक सार्वभौम एकाईसंग मौलिक पहिचान, स्वायक्तता, स्वशासन र आत्मनिर्णयको चाहना हुन्छ । त्यो चाहनाको मान्यता वा प्रत्याभूति नै न्याय हो ।

सार्वभौमिकताको मान्यताबाट न्यायको शुरुवात हुन्छ । अस्तित्वमा रहन र उपलब्धि हासिल गर्न संघर्ष गर्नु पर्दछ । निसन्देह संघर्षको भौतिक पक्ष वा वस्तुगत आधार पनि हुन्छ तर, त्यसको मूल कुरा भने साहास हो । साहास मानवीय सौन्दर्यको एक उल्लेखनीय तत्व हो । उद्यमशीलताले आर्थिक संघर्षको पाटोमा अभिव्यक्त हुने मानवीय साहसलाई व्यक्त गर्दछ ।

हाम्रा प्रयास र काम निरर्थक हैनन, तिनले परिणाम दिनु पर्दछ । परिणाम कुनै बनिबनाउँ शुत्रद्धारा प्राप्त हुँदैनन् । परिणाम नदिने प्रयास, संघर्ष र मेहनतमा गौरव गर्नुको कुनै अर्थ हुँदैन । परिणाम प्राप्तिका लागि अनेक रचनात्मक उपायको खोजी र प्रारुपहरुको निर्माण गर्नु पर्दछ । र जतिसुकै साहसी, परिणाममुखी र रचनात्मक प्रतिभा र क्षमताको मान्छे किन नहोस, उसले आफ्नो आधारभूत मानवीय आचरण भूल्न हुँदैन र त्यो हो-सदाचार ।

**७.लोकतन्त्र**

अग्रपथ लोकतन्त्रवादी विचारधारा हो । परम्परागत तथा शास्त्रीय लोकतन्त्रहरुको अझ बढी लोकतान्त्रिकरण चाहने दृष्टिकोण हो । लोकतन्त्रप्रतिको यसको निष्ठा सार्वभौम हो । जनताद्धारा, जनताका लागि जनताले गर्ने शासनलाई लोकतन्त्र भनिदै आएको छ । लोकतन्त्रमा सबै नागरिक बराबर छन । नागरिक राज्यशक्तिको स्रोत हुन । राज्यको सार्वभौमसत्ता तथा राजकीय सत्ता नागरिकमा निहित छ ।

राजतन्त्र होस वा सैनिक तानाशाही, धर्मगुरुहरुको शासनको होस वा कुनै एकदलको शासन वा एकदलीय प्रणाली, जहानियाँ शासन वा कुनै प्रकारको अल्पतन्त्र- यी सबै प्रकारका अलोकतान्त्रिक शासन प्रणाली हाम्रा लागि सधै र सबै अवस्थामा अस्वीकार्य छन । लोकतन्त्र अग्रपथको राजनीतिक निष्ठा मात्र हैन, जीवन पद्धति पनि हो ।

लोकतन्त्रका आधारभूत तथा विश्वव्यापी मान्यता १.नागरिक सार्वभौमत्ता, २. विचार अभिव्यक्ति र संगठनको स्वतन्त्रता, ३.संविधानवाद, ४.विधिको शासन, ५. आबाधिक निर्वाचन, ६.बहुमतको शासन, अल्पमतको विपक्ष, ७.शक्तिपृथकीकरण÷नियन्त्रण तथा सन्तुलनप्रति हाम्रो पूर्ण प्रतिबद्धता छ ।

तर, यतिले मात्र लोकतन्त्र पूर्ण हुँदैन । लोकतन्त्रलाई अझ विकसित र विस्तारित गर्नु पर्दछ । लोकतन्त्रको अझ बढी लोकतान्त्रिकरण गर्नु पर्ने छ । यतिमा मात्र सीमित लोकतन्त्र 'राजनीतिक लोकतन्त्र' हो । राजनीतिक लोकतन्त्रले नागरिकको 'राजनीतिक अधिकार' लाई प्रत्याभूत गर्दछ । तर, आर्थिक, सामाजिक र पर्यावरणीय अधिकारलाई समेत प्रत्याभूत गर्ने लोकतन्त्र हामीलाई चाहिएको हो ।

परम्परागत उदार तथा प्रतिनिधिमुलक लोकतन्त्र (Liberal and Representative Democarcy) मात्र त्यसका लागि पर्याप्त छैन । अग्रपथले लोकतन्त्रको एक यस्तो ढाँचा, विधि र प्रणाली निर्माण गर्न चाहन्छ जसमा उदार तथा प्रतिनिधिमुलक लोकतन्त्रका गुणको अतिरिक्त सहभागितामुलक-समावेशी लोकतन्त्र (Participatory-Inclusive Democracy) का गुण विकसित हुन ।

त्यसका लागि लोकतन्त्रले १. प्रत्यक्ष लोकतन्त्र, २. सामाजिक विभेदको अन्त्य र विविधताको समानुपातिक समावेशिता, ३.शक्तिको निक्षेपण, स्थानीय स्वशासन र प्रादेशिक स्वायक्ततासहितको संघात्मक शासन प्रणाली, ४. बहुसाँस्कृतिकतावाद, ५. सुशासन, ६. 'इ-डेमोक्रेसी, जि-इकोनमी' र ७.नागरिक पहलकदमीको अधिकार र सुसंस्कृत राजनीतिक संस्कारलाई आत्मसात गर्नु पर्दछ ।

सामुदायिक तथा निजी क्षेत्रका संगठन, राजनीतिक दल र राज्य- सबै तहमा यस अनुरुप लोकतान्त्रिक संचरना, विधि, पद्धति र अभ्यास हुनु पर्दछ ।

**८.बहुसाँस्कृतिकतावाद र संघीय शासन प्रणालीः**

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा बहुसाँस्कृतिक मुलुक हो भन्ने यथार्थ हाम्रो संविधानले नै स्वीकार गरिसकेको छ । यस्तो देशको राजकीय संरचना र राजनीतिक प्रणाली निर्माण गर्दा बहुसाँस्कृतिकवाद (Multi-Culturalism) र संघवाद (Federalism ) को विशेषः महत्व हुन्छ भन्ने अग्रपन्थले स्वीकार गर्दछ ।

यस मान्यतामा देशभित्रका सबै जाति, भाषा, सभ्यता, धर्म, संस्कृति र मानवीय सम्पदाहरु 'राष्ट्रका' अर्थात् 'राष्ट्रिय' हुन । यी मध्ये कुनै 'राष्ट्रिय' र कुनै 'अराष्ट्रिय' छैनन् । जे छन, ती हाम्रा हुन, जे हाम्रा हुन ती सबै राष्ट्रिय हुन । विविधताले राष्ट्रियतालाई कमजोर हैन, झनै धनी बनाउँछ ।

संघवादले विविधता र बहुसांस्कृतिकतालाई यथोचित तथा वैज्ञानिक व्यवस्थापन गर्न मद्धत गर्दछ । आंगिक एकाई (Constituent units) र संघ (Federation ) बीचको 'स्व-शासन' (Self–Rule) र साझा शासन (Shared Rule) नै संघवादको सारतत्व हो । संघवादमा राज्यका अंगहरु बीच सार्वभौमसत्ता, स्रोतसाधन र शासनाधिकारको साझेदारी हुन्छ । हुनु पर्दछ ।

अग्रपथको प्रस्तावना

संघवादले खर्च बढाउँछ भन्ने तर्क सही हैन ।   साँच्चै खर्च बढाएको छ वा छैन भन्ने कुरा कुनै विधिसम्मत मानकबाट हेर्नु पर्ने हुन्छ । संघीयताको आर्थिक लागत हिसाब गर्ने मुख्य ३ वटा सिद्धान्त छन । तुलनात्मक लागतको सिद्धान्त (Comparative Cost Theory), प्रतिस्थापन लागतको सिद्धान्त (Replacement Cost Theory )  र अवसर लागतको सिद्धान्त (Opportunity Cost Theory) । नेपालका सन्दर्भमा संघीयताले खर्च बढ्ने कुरा यी तीन वटै सिद्धान्तबाट पुष्टि हुँदैन ।

तर, त्यसका लागि गर्नु पर्ने थुप्रै काम बाँकी नै छन । अहिलेकै जस्तो संचरना र अभ्यासमा भने खर्च बढ्ने मात्र हैन, संघीयता नै असान्दर्भिक हुँदै जाने छ ।

संघीयतालाई तीन तहमा पुनर्संरचना गर्नु पर्दछ । ७७ जिल्ला खारेज हुनु पर्दछ । जिल्ला सीमानाको व्यवधान हटाएर स्थानीय निकायको पुनर्संरचना गर्दा करिब ५०० पालिका पर्याप्त हुनेछन । जिल्लाले प्रयोग गरेको समन्वयकारी अधिकारी प्रदेशमा र कार्यकारी अधिकारी पालिकालाई हस्तान्तरण गर्नु पर्दछ ।

संघीय शासनका लागि प्रदेश तहमा संसदीय प्रणाली अनिवार्य हैन । अहिलेको जस्तो निर्वाचन प्रणालीबाट आउँने ठूलो आकारका प्रदेशसभा जरुरी छैन । प्रदेशभित्रका पलिका प्रमुख र उपप्रमुखले नै प्रादेशिक विधायकको काम गर्न सक्दछ । त्यसका लागि भिन्नै तलब र सुविधा चाहिँदैन । प्रदेशस्तरमा मृ◌ुख्यमन्त्री र प्रदेशप्रमुख दुई पद चाहिँदैन । ती मध्ये कुनै एकको प्रत्यक्ष निर्वाचन गर्न सकिन्छ । यी तुलनात्मक लागतको दृष्टिकोणले महत्वपूर्ण कुरा हुनेछन ।

प्रतिस्थापन लागतका दृष्टिकोणले पनि हिजोका ५ विकास क्षेत्र, १४ प्रदेश र ७७ जिल्ला, तदनुरुपका कार्यालय खारेज भइ केही प्रदेश अस्तित्वमा आउँनु, करिब ४०००  पालिका खारेज भई संवैधानिक अधिकारसहितका ५०० पालिका बन्नु लागत बढ्नु हैन ।

अवसर लागतका दृष्टिकोणबाट भविष्यका लागि स्रोत साधान परिचालनको संभावना र गतिशीलता, द्रुत योजना निर्माण र कार्यान्वयन, क्षेत्रीय विकासमा सन्तुलन, प्रशासनिक सेवाको सुगमता र प्रभावकारिता, नागरिकको सेवासुविधा प्राप्ति लागतमा आउँने कमी र उपरोक्त आर्थिक गतिशीलतापछि समग्र अर्थतन्त्रमा पर्ने सकारात्मक प्रभावको हिसाब गर्नु पर्ने हुन्छ ।

समग्रमा संघीयताको अहिलेको प्रारुप उपयुक्त छैन । सीमांकन, नामांकनदेखि वित्तीय संघीयता तथा राज्यका तह बीच प्रशासनिक अधिकार क्षेत्रसम्मका बिषयलाई पुनरावलोकन गर्नु पर्दछ । स्थानीय निकायलाई अझ बलियो बनाउँनु पर्दछ । प्रदेशलाई नयाँ ढंगले पुनर्समायोजन गर्नु  पर्दछ ।

**९.शासकीय स्वरुप र निर्वाचन प्रणालीः**

नेपालको संविधान-२०७२ मा व्यवस्था भएको शासकीय स्वरुप र निर्वाचन प्रणाली उपयुक्त हो कि हैन ? राजनीतिक अस्थीरता र कुशासनसंग यस्को संचरनागत तथा प्रणालीगत सह-सम्बन्ध छ कि छैन? आधुनिक सहभागितामूलक-समावेशी लोकतन्त्रका मूल्यमान्यतासंग यसले  तादम्यता राख्छ कि राख्दैन ?

यी प्रश्न आज पनि उत्तिकै जिवन्त छन । तर, संविधान सुधार र प्रणालीगत परिवर्तनका लागि यथोचित बातावरण नबनेसम्म हामी अहिलेकै शासकीय स्वरुप र निर्वाचन प्रणाली अन्तर्गत काम गर्दै जानु पर्ने छ । साथै, शासकीय स्वरुप र निर्वाचन प्रणालीमा के कस्तो सुधार, परिमार्जन वा परिवर्तन गर्न आवश्यक छ, यसबारे यथोचित समयमा उपयुक्त धारणा बनाउँनु पर्ने हुन्छ ।

सामान्यतः संघ, प्रदेश र स्थानीय तिनै तहमा फरक समुदाय र लिंगको जोडा उम्मेद्वार हुने कार्यकारी र संघमा प्रादेशिक-सामुदायिक-लैङ्गिक अनुपातमा आधारित पूर्ण समानुपातिक संसद उपयुक्त शासकीय स्वरुप र निर्वाचन प्रणाली हुन सक्दछ । यसले सहभागितामुलक-समावेशी लोकतन्त्रको विश्वव्यापी मान्यता र नेपालको बिशिष्ट आवश्यकता दुबैलाई संवोधन गर्न सक्ने छ ।

संघमा भने यस्तो कार्यकारी प्रमुखको निर्वाचन बहुमत अनिवार्य हुने दुई चरण प्रणालीमा आधरित हुनेछ । प्रदेश र स्थानीयमा भने एक चरणको निर्वाचन हुनेछ । प्रदेशस्तरमा भिन्नै विधायक नभएर प्रदेशभित्रका सबै पालिका प्रमुख,उपप्रमुखको सभाले प्रदेशसभाको काम गर्ने छन ।

**१०.सभ्यता संरक्षण, सामाजिक जागरण र रुपान्तरणः**

हरेक समाज र राज्यका आअफ्ना इतिहास, गौरव, सम्पदा र संस्कृति हुन्छन। तिनको संरक्षण, पुनरुत्थान, विकास र विस्तार गर्नु पर्दछ । नेपाल विभिन्न सभ्यता, संस्कृति र सम्पदाले धनी देश हो । मूलतः हिन्दू, बौद्ध, किरात सभ्यता र संस्कृतिको उद्ग्गम स्थल हो । त्यसका अतिरिक्त विभिन्न प्रकृति पूजक जाति, जनजाति समुदायले यहाँ अनेक भौतिक, अभौतिक सम्पदा निर्माण गरेका छन । हिमाली क्षेत्रमा बोन धर्म संस्कृतिको आफ्नै परम्परा छ ।

अग्रपन्थले कुनै पनि प्रकारको अन्धविश्वास, रुढीवाद, भाग्यवाद, कुप्रथा र सामाजिक बेथितिलाई स्वीकार गर्दैन । तर, नेपालको ऐतिहासिकतासंग जोडिएका मौलिक सभ्यता र संस्कृतिलाई मात्र हैन, समयक्रममा आएका र आबद्ध हुँदै गएका सबै सभ्यता र संस्कृतिको जगेर्ना र प्रबद्र्धन गर्न उत्तिकै महत्व दिन्छ ।

नेपाली समाजमा अहिले पनि अनेक प्रकारका पुरातन सोच र अन्धविश्वास हावी छन । जात प्रथाजस्तो सामाजिक रोग बाँकी नै छ । वृहत्त सामाजिक जागरण र राजकीय प्रयत्न दुबै तरिकाको समुचित र सन्तुलित प्रयासबाट त्यसको अन्त्य गरिने छ । समाज व्यवस्थालाई प्रकृतिसम्मत, विवेकसम्मत, सभ्यतासम्मत र विज्ञानसम्मत बनाउँदै लान आम सामाजिक तथा राष्ट्रिय जागरण र रुपान्तरणको प्रयत्न गरिने छ।

**११.त्रिभाषिक नीतिः**

अंग्रेजी, नेपाली र प्रादेशिक भाषासहितको त्रिभाषिक नीति अपनाइने छ । यी भाषा सरकारी कामकाज र शैक्षिक अध्ययन अध्यापनका औपचारिक भाषा हुनेछन । यस दायराभित्र नपर्ने र संभावनायुक्त कतिपय भाषालाई पालिकास्तरको भाषाको मान्यता दिइ प्रचलनमा ल्याइने छ । बाँकी भाषाको संरक्षण र

प्रबद्र्धनका लागि बहुभाषिक विश्वविद्यालय संस्थापना र सामुदायिक संगठनलाई विशेष भाषा संरक्षण अनुदान दिने नीति हुने छ।

**१२.समावेशिताको सिद्धान्त**

समावेशिता, सहभागिता र प्रतिनिधत्वलाई सामुदायिक, राजनीतिक र राजकीय तहमा ठोस ढंगले लागू गरिने छ । यसको मुख्य आधार अनुपातिक हुने छ । साथै, सकारात्मक विभेद, सामाजिक न्याय र सीमान्तकृत समुदायको आरक्षणलाई आधारभूत ढंगले प्रत्याभूत गरिने छ ।

'सकारात्मक विभेद' (Positive Discrimination) को विरुद्ध माहौल बनाउँने प्रयत्न यसबीच नभएका हैन । विशेषतः दक्षिणपन्थी र लोकप्रियतावादी शक्तिहरुले यसमाथि हमला गर्ने प्रयत्न गरेका छन । तर, यो संसारभरिकै आधुनिक लोकतन्त्र र राष्ट्रिय-राज्यहरुमा मान्यताप्राप्त अवधारणा हो ।

'सकारात्मक विभेद' को सिद्धान्तले समाजमा पछाडि परेको\पारिएको वर्ग, जातीय, भाषिक, साँस्कृति तथा धार्मिक समुदाय, लिङ र क्षेत्रलाई विशेष प्रयासद्धारा मूलधारमा ल्याउँने प्रयत्न गर्दछ । यसलाई कुनै सुविधाका रुपमा हैन, अधिकारका रुपमा प्रत्याभूत गर्नु पर्दछ ।

जुनकुनै ऐतिहासिक, वस्तुगत, तात्कालिक वा मनोगत कारणले विभेदमा पारिएको, राज्यको संरक्षण, सुविधा र उत्प्रेरणा नपाएको, वञ्चितीकरण वा अस्तित्व रक्षाको संकट सामना गरिरहेको, तुलनात्मक रुपमा कम प्रतिस्पर्धी क्षमता भएको, समाजका लागि अतिरिक्त योगदान गरिरहेको मानव समुदाय, समूह वा प्रवर्गलाई संरक्षित वा आरक्षित गर्नुलाई नराम्रो मान्नु पर्ने कुनै कारण छैन । यो अग्रपथको आधारभूतको आधारभूत कर्तव्य र दायित्वभित्र पर्ने कुरा हो ।

सकारात्मक विभेद गर्नु\गरिनु पर्ने कारण फरकफरक हुन्छन । जस्तो- वालवालिका र बृद्धबृद्धा, उमेर समूहमा आधारित हो । महिला र तेस्रो लिङगी- लैङिगक आधारमा बनेको समूह हो । आदिबासी÷जनजाति÷अल्पसंख्यक तथा लोपोन्मुख- जातीय\सामुदायिक आधारमा बनेको समूह हो । दुर्गमबासी- भौगोलिक तथा विकास पूर्वाधार अभावले बनेको समूह हो । मधेसी- साँस्कृति समुदाय हो । दलित- बर्णाश्रम व्यवस्थाको विकृत सामाजिक परम्पराबाट बनेको समूह हो । मुस्लिम वा अन्य अल्पसंख्यक धर्मालम्बी- धार्मिक कारणबाट बनेको समूह हो ।

सरकारी, गैरसरकारी र सामुदायिक संगठनमा यस्ता समुदायको प्रतिनिधित्व बढाउँने, सहभागिता र पहुँच बढाउँने, अवसर र सक्रियता बृद्धि गर्ने तथा शसक्तिकरण गर्दै समाजको मूलधारमा समाहित गराउँने कार्यलाई 'सकारात्मक कार्वाही' (Affirmative Action) पनि भनिन्छ । यस्ता कार्यले सामाजिक तथा आर्थिक असमानता घटाउँन, मानवीय विविधताको संरक्षण गर्न तथा ऐतिहासिक त्रुटीहरुको दुस्प्रभाव सच्याउँन ठूलो मद्धत गर्दछ ।

सकारात्मक विभेद वा सकारात्मक कार्वाहीको प्रक्रिया वा अन्य कुनै विधिबाट समाजको विबिधतालाई सरकारी वा गैरसरकारी संगठन वा सामाजिक शक्ति संरचनामा झल्काउँनु वा पहुँच निर्माण गर्नु समावेशिता (Inclusion) हो । समावेशिताले विविधताको एकत्व गराउँदै लैजान्छ । सामाजिक न्याय स्थापित गर्न सजिलो बनाउँछ । पहिचानलाई मान्यता, प्रतिनिधित्व, सहभागिता र आत्मसम्मान दिन्छ ।

सकारात्मक विभेद र समावेशिताले योग्यतातन्त्र (Meritocracy ) कमजोर हुन्छ भन्ने तर्क सही हैन । प्रतिस्पर्धा (Competition) र समावेशिता दुबै योग्यतातन्त्रका अवयव हुन । किनकी प्रतिस्पर्धा र सहकार्य दुबै सृष्टिका गुण हुन । प्रतिस्पर्धा गर्दा सहकार्य बिर्सने र सहकार्य गर्दा प्रतिस्पर्धा बिर्सने समाज गतिशील र सन्तुलित हुँदैन ।

त्यस्तो नीतिले दीर्घकालमा अनेक असन्तुलन, असन्तुष्टि र विद्रोह जन्माउँछ । प्रतिस्पर्धा र सहकार्यले कुनै एउटा पक्षलाई मात्र फाइदा हुँदैन, त्यसले अर्को पक्षलाई पनि उत्तिकै फाइदा गरिरहेको हुन्छ । बहिष्कारण भनेको ‘असक्षमता’ वा ‘अल्पसंख्या’ हैन । बहुसंख्यक पनि बहिष्कारणमा हुन सक्दछन । त्यहाँ कुनै सक्षमता नै छैन भन्न मिल्दैन । बहिष्कारण संख्या धेरै वा थोरै हुने, सक्षमता हुने वा नहुने बिषय नभएर राज्यनिर्माणको ऐतिहासिकतासंग जोडिएको प्रक्रिया हो । संचरनात्मक विभेदसंग जोडिएको विषय हो । राज्यले आजसम्म कसकसलाई बाहिर छोड्यो र कसकसलाई संगसंगै लिएर हिड्यो, अवसर दियो भन्ने प्रश्न हो ।

आधुनिक वितरित न्यायको सिद्धान्त (Theory of Distributive Justice) अनुसार पनि स्वतन्त्रता र समानताका कयौं व्यावहारिक विचलन हुन्छन । स्वतन्त्रता र समानताको आर्दश सन्तुलन व्यवहारतः असंभव हो । या कुनै खास समयमा त्यस्तो सन्तुलन बनेको थियो नै भने पनि ऐतिहासिक प्रक्रियाहरुले त्यसलाई उत्तिकै दृढ प्रत्याभूत गरेका हुँदैनन् । त्यस्तो बेला वितरित न्याय चाहिन्छ । सकारात्मक विभेद, समावेशिता र आरक्षण वितरित न्यायका महत्वपूर्ण औजार हुन ।

**१३.आर्थिक दर्शन**

खुल्ला बजार अर्थतन्त्र, पुँजीवादी अर्थतन्त्र, उदारवादी वा नवउदारवादी अर्थतन्त्र, राज्य-पुँजीवाद वा राज्य-समाजवादजस्ता आर्थिक दर्शनहरु एक्काइशौं शताब्दिका लागि पर्याप्त, उचित र उपयुक्त छैनन । कथित पुँजीवादी अर्थतन्त्रले ‘मुनाफा’ लाई मात्र ध्यान दिँदा नागरिक सर्वोच्चता र उपभोक्ता हितलाई कमजोर बनाउँने गरेको छ । यस आर्थिक दर्शन अपनाएका देशले निश्चित आर्थिक बृद्धि हासिल गरे पनि समन्यायिक वितरण, समावेशी विकास र समातमुलक संमृद्धि प्रत्याभूत गर्न सकेको छैनन ।

अर्को राज्य-समाजवादी अर्थनीतिमा आर्थिक अभिप्रेरणाको अभाव भइ श्रमको सृजनीलता र पुँजीको उद्यमशीलता संकुचन हुने र समग्र अर्थतन्त्र नै शिथिल र कमजोर हुने गर्दछ । विगत शताब्दिका अधिकांश साम्यवादी शासन अन्तर्गतका देशका यही समस्या देखियो र ती आफै पतन भएर गए । कथित मिश्रित अर्थतन्त्रले भने अन्यौल सृजना गर्ने संभावना हुन्छ।

अग्रपथको आर्थिक दर्शन 'सामाजिक बजार अर्थतन्त्र' (Social Market Economy) हो । यस आर्थिक प्रणाली र ढाँचामा निजी, सार्वजनिक, सहकारी र सामुदायिक गरि स्वामित्वका ४ क्षेत्रहरु बीच गतिशील सन्तुलन, प्रतिस्पर्धा र सहकार्य हुन्छ ।

सुरक्षा, ठूला भौतिक पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सार्वजनिक अवसरहरुको न्यायिक वितरण तथा रणनीतिक महत्वका लगानीहरु राज्यको दायित्वभित्र हुनेछन । साथै, सार्वजनिक महत्वका अन्य सेवाहरु यातायात, संचार, वित्तिय व्यवस्था, आवासलाई राजकीय दायित्वभित्र राखी सरकारी तथा निजी क्षेत्रको साझेदारीमा अघि बढाइने छ । सबै प्रकारका औधोगिक, व्यावसायिक तथा सेवागत उद्याशीलताहरु निजी क्षेत्रमा हुने छन । साझा आर्थिक हित तथा पेशागत समानता भएका स्थानीय र साना लगानीकर्ताहरुको आर्थिक क्रियाकलापलाई सहकारीमार्फत प्रबन्धन गरिने छ । वन, कुलो पैनी, साना सिंचाई, पार्क, मठमंदिर, हाटघाट, ऐतिहासिक सम्पदा स्थल, सामुदायिक सुचना केन्द्रआदि सामुदायिक स्थल तथा सेवाहरु सामुदायिक संगठनहरुमार्फत् व्यवस्थापन गरिने छ ।

सबै प्रकारको स्वामित्व र व्यवस्थापनमा रहेका बजार क्षेत्रले उपभोक्ता हित र सामाजिक उत्तरदायित्वको अधिनस्थ रहि काम गर्नु पर्ने छ । सामाजिक उद्यमशीलतालाई व्यापक प्रवर्धन गरिन्छ ।

**१४.आर्थिक विकासको प्रारुप**

अग्रपथको आर्थिक विकास प्रारुपका मुख्य ७ सैद्धान्तिक आधार १. समावेशी विकास, २. सम्पतिको अधिकार र लगानी मैत्री वातावरण, ३. आर्थिक बृद्धि, ४.समन्यायिक वितरण, ५. वातावरणीय दीगोपन, ६.समातामुलक संमृद्धि, ७. मानवीय खुशी हुन ।

समकालिन विश्वको मुख्य आर्थिक समस्या उत्पादन नभएर वितरण हो । विश्वको औसत प्रतिव्यक्ति आय १४ हज्जार डलर पुगिसक्दा पनि दर्जनौं मुलक अझै १५०० डलर भन्दा कम आयस्तरमा छन । आर्थिक समानताको प्रश्न राष्ट्रिय मात्रै नभएर वैश्विक बिषय पनि हो । राज्य-राज्यहरु बीचको आर्थिक असमानता कम गर्ने बिषय समेत अन्तर्राष्ट्रिय मञ्चहरुमा पैरवी गरिने छ ।

नेपालको आर्थिक विकासको समस्या भने अझै वितरण नभएर उत्पादन नै हो । नेपालको अर्थतन्त्र अझै उत्पादनशील अर्थतन्त्र हुन सकेको छैन । यसको चरित्र उपभोगमुखी अर्थतन्त्रको छ । नेपालको कुल उपभोगको ८६ प्रतिशत आयातमा आधारित छ । अर्थतन्त्रमा बिप्रेषणको योगदान २८ प्रतिशत छ भने निर्यात आयात अनुपात १ः१७ छ । यो राष्ट्रिय अर्थतन्त्रको निर्माण र दीगोपनका लागि निक्कै बिडम्बनापूर्ण अवस्था हो ।

तर, हामीले चाहँदैमा भूमण्डलीकरणको युगमा शुद्ध र आत्मनिर्भर अर्थतन्त्र निर्माण हुँदैन । हामीले यथोचित आत्मनिर्भरता र स्वाबलम्बनसहित अन्तनिर्भर अर्थतन्त्र नै बनाउँने हो, आत्मनिर्भरताको नाममा

न संकुचित र किनारीकृत हुने हो न उदार र बाह्यमुखी अर्थतन्त्रका नाममा आफ्नै अर्थतन्त्रको सवलतालाई कमजोर पार्ने हो ।

यथार्थमा नेपालमा ठूलो र द्रुत औधोगिकीकरणको संभावना अझै पनि कमजोर छ । निजी भूस्वामित्व र आकासिदो जमिनको मूल्य, कमजोर प्रविधिस्तर, दक्ष तथा प्राविधिक जनशक्तिको अभाव, ठूला यन्त्रउपकारण, कच्चा पदार्थ र सहायक सामग्रीको सीमितताको कारणले गर्दा अर्थतन्त्रको दोस्रो क्षेत्र, औधोगिक क्षेत्रले पर्याप्त विकास गर्न हामीलाई अझै दशकौं लाग्न सक्दछ ।

तसर्थ अग्रपथले नेपाल जस्ता देशका लागि अर्थतन्त्रको पहिलो र तेस्रो क्षेत्रको विकासमा विशेष जोड दिन्छ । यस्तो प्रारुपमा साना तथा मझौला उद्यमशीलतामार्फत्  रोजगार बृद्धिर आय स्तरको सुधारमार्फत् गरिबी न्यूनीकरण गर्दै गुणस्तरीय जीवनस्तर हासिल गर्ने प्रयत्न गरिन्छ । तर, आयात प्रतिस्थापन गर्ने, निर्यात अभिबृद्धि गर्ने, आफ्नै पुँजी, प्रविधि र कच्चा पदार्थमा भर पर्न सकिने, लागतस्तर कम र तुलनात्मक लाभ बढी भएका क्षेत्रको पहिचान गरी औधोगिकीकरणमा जोड दिइने छ ।

कृषि, जलस्रोत र पर्यटनको विकासलाई सबैभन्दा उच्च प्राथमिकताका राखिनेछ । अर्थतन्त्रका अरु सबै क्षेत्रको सन्तुलित तथा बहुआयामिक विकास गरिनेछ । वस्तु आयात र श्रम निर्यात गर्ने विद्यमान प्रारुपलाई न्यूनिकरण गर्दै तुलनात्मक लाभ बढी भएका क्षेत्रमा वैदेशिक पुँजी र प्रविधिलाई आकर्षित गरिन्छ ।

**१५.भौतिक पूर्वाधारको प्रारुपः**

नेपालको भौतिक पूर्वाधारको प्रमुख आधार सडक सञ्जाल नै हो । नेपालको सडक सञ्जालमा पाँच पूर्वपश्चिम राजमार्ग अत्यवश्यक छन । हुलाकी राजमार्ग, महेन्द्र राजमार्ग, चुरे राजमार्ग, मध्यपहाडी राजमार्गका अतिरिक्त हिमाली राजमार्गको अवधारणा अघि बढ्नु पर्दछ । यी ५ पूर्वपिश्चम राजमार्गलाई न्यूनतम् २० स्थानबाट उत्तरदक्षिण सम्पर्क कायम गरी राष्ट्रिय आधारभूत सडक सञ्जाल बन्ने छ।

प्रदेश राजधानी तथा ठूला शहरहरुलाई राष्ट्रिय सडक सञ्जालमा फराकिला र गुणस्तीय सहायक मार्गबाट जोडिने छ ।  साथै प्रत्येक पालिकाका केन्द्रलाई राष्ट्रिय सडक सञ्जालसंग जोड्ने र पालिकाका केन्द्र र वडाहरु बीच सडक निर्माण गर्ने आधारभूत सडक नीति हुने छ । सडक सञ्जाल तथा अन्य ठूला पूर्वाधार निर्माण गर्दा हुने वातावरणीय प्रभावलाई न्यूनिकरण र क्षतिलाई थप वृक्षारोपण तथा वातावरण सुधार योजनामार्फत क्षतिपूरण गरिने छ । प्रदेश प्रदेश र पालिकाको सडक सञ्जाल गुुरुयोजना तयार गरिने छ ।

तराई-मधेशबाट बन्ने पूर्व-पश्चिम रेलमार्गलाई सबै प्रदेश राजधानी र ठूला शहरसंग लिंक  गरिने छ । जल यातायात, रोपवे यातायातको संभाव्यता अनुरुप विकास गरिनेछ । केवलकारहरुको व्यवसायिक उपयोगलाई महत्व दिइनेछ ।

शहरिकरण गर्दा प्रदेश राजधानी र पालिकाका केन्द्रहरुको विशेष शहरीकरण गुरु योजना बनाइने छ । अव्यवस्थित बसोबासको अन्त्य गर्दै सार्वजनिक आवास प्राधिकार गठन गरी सबैलाई सस्तो र अनिवार्य आवास सुविधा उपलब्ध गराईने छ । देशका निश्चित शहर र भूभागमा जनसंख्याको असन्तुलित चाप कम गर्न क्षेत्रीय विकास सन्तुलनलाई उच्च महत्व दिइने । गाउँगाउँमा शहरी सेवा सुविधाको विस्तार गरी गाउँमै शहर पुर्याइने छ ।

तराई-मधेशका गाउँशहर र बस्तीलाई व्यवस्थित गरिने छ भने  चुरे, हिमाल र पहाड क्षेत्रमा एकिकृत वस्ती विकास योजना लागू गरिनेछ ।

**१६.सुशासनको प्रत्याभूति**

शासकीय गुणस्तरले कार्यसम्पादन क्षमता र सेवा प्रदायनको गुणस्तरलाई निर्धारण गर्दछ ।  सुशासन लोकतन्त्रको विश्वव्यापी अपेक्षा हो । कुशासित लोकतन्त्रले लोकतन्त्रको अभिष्टलाई परिपूर्ती गर्न सक्दैन र लोकतन्त्र नै जोखममा पर्ने हुन्छ  । सुशासन गुणस्तीरय शासन हो ।  निसन्देह लोकतन्त्रमा प्रक्रियाको महत्व हुन्छ तर परिणाम अझ महत्वपूर्ण कुरा हो । परिणाममुखी राजनीतिका लागि सुशासन अपरिहार्य तत्व हो ।

कुशासनलाई चिन्न सकिने अनेक आधार छन ।  राज्य संयन्त्र, सरकार वा राजनीतिक÷प्रशासनिक नेतृत्वले सृजना गर्ने त्यस्तो अवस्था, जहाँ पारदर्शी र जनमुखी शासन हुँदैन, नेतृत्व वर्गका व्यक्ति नियममा बाँधिदैनन, स्वेच्छाचारी हुन्छन, राज्यशक्तिको उपयोग कम र दुरुपयोग बढी हुन्छ, प्रयोग गर्नु पर्ने ठाउँमा शक्ति प्रयोग गरिदैन, प्रयोग नगर्नु पर्ने ठाउँमा शक्ति प्रयोग गरिन्छ, न्याय व्यवस्था कमजोर हुन्छ, ‘साधुलाई सुली र चोरलाई चौतारी’ भने जस्तो स्थिति  हुन्छ ।

घुस, भ्रष्टाचार, कमिसन र आर्थिक अनियमिता व्यापक हुन्छ, दंडाधिकारी निकाय निष्पक्ष, विश्वासनीय र प्रभावकारी हुँदैनन, सरकारी कार्यालयमा ढिलासुस्ती हुन्छ, बेलैमा काम हुँदैन, अभिलेख प्रणाली विश्वासनीय हुँदैन । कर्मचारीतन्त्रको कार्यसम्पादन क्षमता कमजोर र कार्यालयहरु लथालिङ्गे हुन्छन भने त्यो कुशासन हो ।

नातावाद, कृपावाद, परिवारवाद मौलाउँछ, शासनप्रशासन निष्पक्ष र तटस्थ रहँदैन, समाजको बर्चश्वशाली वर्ग, समुदाय र व्यक्तिका काम छिछिटो हुन्छन, सर्वसाधरणले अनेक झंझट व्यहोर्नु पर्दछ, कागजी घोड जोडले कुद्छ, परिणाम हात लागी शून्य हुन्छ, राज्ययन्त्र भद्धा हुन्छ, चुस्त दुरुस्त हुँदैन, आवश्यक जनशक्तिको यथोचित योजना, आपूर्ती र बिन्यास हुँदैन, नचाहिने ठाउँमा धेरै कर्मचारी हुन्छन, चाहिने ठाउँमा थोरै कर्मचारी हुन्छन वा हुँदै हुँदैनन । कर्मचारीतन्त्रमा जनताका पिरमार्का, अप्ठ्यारा÷जटिलताप्रति संवेदनशील हुँदैन, कार्यालय जनताको पहुँचबाट टाढा हुन्छन, सेवाग्राहीले कार्यालय पुग्न, सेवासुविधा लिन धेरै समय र पैसा खर्च गर्नु पर्दछ, राजनीतिक तथा प्रशासनिक नेतृत्वमा मानवीय भावनाको अभाव हुन्छ भने त्यो कुशसान हो ।

सरकारी पदमा हुनुलाई बढप्पन र शानको विषय ठानिन्छ, सेवाको भावना कम र शक्ति अभ्यासबाट सामाजिक हैसियत प्राप्त गर्ने भावना ज्यादा हुन्छ, अधिकारीहरुले जवाफदेहिता निर्वाह गर्दैनन्, जनतालाई दिइनु पर्ने सुचना र प्रतिउत्तर समयमै दिइँदैन, सुचना लुकाउँन खोजिन्छ, राज्यका निकायले संचारजगतका लागि व्यवधान सृजना गर्दछ, राज्यले संचार जगतलाई धम्की दिने, अनावश्यक दुख्ख दिने गर्दछ भने त्यो कुशासन हो ।

राज्यको कारणले भएको क्षति, नोक्सानी नागरिकले बेहोर्नु पर्दछ, जनतालाई दिइनु पर्ने क्षतिपूर्ती वा मुआबजा बेलामै वा उचित मूल्यमा दिइँदैन, शक्तिशाली शासक प्रशासकले स्वार्थअनुरुपको बजेट बनाउँछन, खर्च गर्दछन, आफ्नो निर्वाचन क्षेत्रमा धेरै बजेट लैजान्छन, बजेटको समानुपातिक र समन्यायिक वितरण हुँदैन, मितव्ययिताको सिद्धान्त लागु गरिदैन, कर्मचारीतन्त्रको नियुक्ति, सरुवा वा बढुवामा पक्षपात हुन्छ भने त्यो कुशासन हो ।

राजनीतिक अस्थीरता, अवसरवाद, दंगाफसाद, जातीय, धार्मिक तथा साम्प्रदायिक हिंसा भइरहन्छन, यस्ता घटनाको अनुसन्धान र कार्वाहीमा राज्य यात अन्यमनस्क हुन्छ यात निष्पक्ष हुँदैन यात अप्रभावकारी हुन्छ, निर्वाचन समयमै र निष्पक्ष हुँदैनन । राज्यले नयाँनयाँ आबिष्कार र प्रवृतिगत बदलाबलाई सहन गर्दैन, नयाँ राजनीतिक प्रवृति र शक्तिको जन्ममा राज्य दमनकारी भएर देखा पर्दछ भने त्यो कुशासन हो ।

कुशासन नेपालको एक आम रोग, महारोग हो । यसको अबिलम्बा अन्त्य गर्न जरुरी छ । कुशासित राज्यमा स्वाभिमान र संमृद्धि दुबै संकटमा हुन्छन । अग्रपन्थले कुशासनको अन्त्य र सुशासनको प्रत्याभूति गर्दछ ।

सुशासनका मानकलाई विभिन्न प्रकारले व्यक्त गरिएको पाइन्छ । सामान्यतः विधिको शासन, पारदर्शीता, उत्तरदायित्व, जवाफदेहिता, सहभागिता, सहमतीयता, सामाजिक सामञ्जस्यता र नैतिक संहिताको पालना भएको राज्य प्रक्रियालाई सुशासित मान्ने गरिएको छ ।

युरोपियन युनियन परिषदले सन् २००८ मा 'शासकीय दक्षताको युरोपेली मापदंड' लाई १२ बुँदमा प्रस्तुत गरेको थियो । १. स्वतन्त्र जनसहभागिता, निष्पक्ष निर्वाचन र प्रतिनिधत्व २. जनउत्तरदायी शासन ३. व्यवसायिक कार्यदक्षतासहितको प्रभावकारी प्रशासन ४. खुल्लापन र पारदर्शीता ५. नैतिक संहिताको पालना ६. नविनतम् अविष्कार, प्रयास र बदलाबप्रति सकारात्मक सोच ७. राजनीतिक स्थायीत्व र निरन्तरता ८. विविधताको सम्मान, मानवीय संवेदनशीलता र सामाजिक सामञ्जस्यता ९. जवाफदेहिता १०.विधिको शासन ११. बलियो आर्थिक व्यवस्थापन क्षमता १२. प्रतिस्पर्धात्मक क्षमता ।

उपरोक्त मानकबाट हेर्दा नेपालमा सुशासन कायम गर्न १. शासकीय स्वरुप र निर्वाचन प्रणालीमा सुधार २. दलीय चरित्र र संस्कृतिमा सुधार ३. चुस्त, मितव्ययी, दक्ष र व्यवसायिक क्षमतासहितको कर्मचारीतन्त्र ४.झझटिला र प्रक्रियामुखी ऐन, कानुन र नियमावलीको व्यापक संशोधन, ५. सम्पतिको औपचारिक

पञ्जीकरण र अद्यावधिकरण, ६.आर्थिक प्रणालीमा पारदर्शीता, ७. सरकारी कार्यालयको भौतिक तथा प्रविधिगत पुनर्निर्माण, ८. सुशासनका औजारहरुको अधिकतम् उपयोग, ९.वास्तविक कारोवार र आमदानीमा आधारित कर प्रणाली १०. भ्रष्टाचारप्रति शून्य सहनशीलता, ११. राजनीतिक हस्ताक्षेपमुक्त दंडाधिकारी निकाय १२. सदाचार र नैतिक आचरणयुक्त आमसंस्कृतिको प्रबद्र्धन गर्नु पर्ने छ ।

हामीले प्रस्तावित गरेको शासकीय स्वरुप, निर्वाचन प्रणाली र दलीय संहितापछि राजनीतिक क्षेत्रका संरचनात्मक कुशासन शिथिल हुने वा हट्ने अपेक्षा गर्न सकिन्छ । दलहरुलाई चन्दा संकलन गर्न पूर्णतः बन्देज गर्ने, स्टेट फन्डिङ गर्ने, आन्तरिक लोकतन्त्रलाई बलियो बनाउँने, पार्टी कोषको लेखापरिक्षण सरकारी कोष सरह महालेखा परिक्षकले गर्ने र पार्टी कोषको हिनामिना राज्यकोषको हिनामिना सरह भ्रष्टाचर ठहर हुने र दंड हुने प्रणाली स्थापित गर्नु पर्दछ । यसो गर्दा सुशासन कायम गर्न ठूलो योगदान हुने छ ।

कर्मचारीतन्त्रको पुनर्गठन, कर्मचारीतन्त्रलाई कार्यगत एकाई प्रणालीमा रुपान्तरण, अनावश्यक विभाग, मन्त्रालय र कार्यालय खारेज, आकर्षक  तलबभक्ता, संख्या कटौती, दक्षताबृद्धि, दलीय ट्रेड युनियनको अन्त्य गरिनु पर्दछ । परम्परागत अभिलेख प्रणालीको साटा आधुनिक र कम्प्युटराइज प्रणाली, झंझटिला र प्रक्रियामुखी ऐनकानुनको परिमार्जन गर्न पर्दछ ।

सम्पतिको अभिलेखीकरण र अर्थतन्त्रको वैधानिकीकरण, पारदर्शी आर्थिक प्रणाली, बैकिङ र इ-इकोनोमीमा जोड, सार्वजनिक खरिद, ठेक्कापट्टा र लिलामीका प्रावधानमा मूल्य मिलोमतोलाई आर्थिक अपराध सरह दंडनीय बनाउँने, सरकारी कार्यालयहरुको भौतिक तथा प्राविधि पूर्वाधार सुधार, सहायता कक्षको स्थापना, नागरिक वडापत्र, गुनासो तथा उजुरीपेटिका, अनुल्घंनीय पालो प्रणाली, नियमित सार्वजनिक सुनुवाई, सेवाग्राहीसंग अन्तक्रिरया, सामाजिक लेखापरिक्षण, सेवाग्राही क्षतिभरण, सेवाग्राहीमैत्री कार्यालय भवन तथा रुपांकन, भिडियो क्यामेरा निगरानी, डिजिटलाइज्ड सेवाआदि अनिवार्य  गरिनु पर्दछ । कर प्रणालीलाई वास्तविक कारोवारमा आधारित गरिने छ ।

भ्रष्टाचारजन्य क्रियाकलापप्रति शून्यसहनशीतामा लागि दंडाधिकारी निकायको पुनर्संरचना र सबलीकरण गरिने छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई जनलोकपाल अर्थात्  'पब्लिक अम्बुड्सम्यान' को अवधारणअनुरुप पुनर्गठन गरिने छ ।  अख्तियार सेवालाई निजामति सेवाबाट फरक गरिने छ । अख्तियारको कार्यक्षेत्रभि राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, न्यायलय र सेनालाई समेत समेटिने छ । त्यसै गरी गैरसकारी सार्वजनिक 'प्राधिकार' हरु एनजिओ, सामुदायिक संस्था र पब्लिक लिमिटेड कम्पनीसमेत 'सार्वजनिक प्राधिकार' अख्तियारको क्षेत्राधिकारभित्र राखिने छन ।  आयुक्तहरुको गैरराजनीतिक तथा गैरप्रशासनिक व्यक्तितत्वबाट नियुक्त गरिने छ ।

समाजमा निरन्तर नैतिक भावनाको विकास गर्ने, गराउँने दायित्व राज्यको हो । नैतिक शिक्षालाई औपचारिक शिक्षाकै एक पाटो बनाइनु पर्दछ ।

**१७.समकालिन विश्व, भूराजनीति र विदेश नीति**

अग्रपथले समकालिन विश्व स्थिति, भूराजनीति र  देशको विदेश नीतिलाई परम्परागत सोच र सम्बन्धबाट बाहिर निस्केर नयाँ परिवेश र यथार्थ बमोजिम पर्गेल्ने, निष्कर्ष दिने र लागू गर्ने छ । सार्थक र परिणाममुखी संलग्नतासहितको सन्तुलित परराष्ट्र नीति अबलम्बन गरिने छ ।

असंलग्न परराष्ट्र नीतिको आफ्नै ऐतिहासिकता र विश्व परिवेश थियो । सन् १९५५ को बाङ्डुङ सम्मेलनदेखि नै नेपाल असंलग्न सम्मेलनको सहभागी राष्ट्र थियो । तर, त्यसयता वितेका करिब ७ दशकमा कुनै परिवर्तन भएको नदेख्नु अल्पज्ञान र मुर्खता मात्र हुने छ।  सन् १९६१ मा 'असंलग्न आन्दोलन' को औपचारिक स्थापना हुँदा जेजस्ता कारण विद्यमान थिए, जेजस्तो पृष्ठभूमि थियो, त्यो आज जस्तोको त्यस्तै छैन।

यसको उद्धेश्य त्यतिखेरका दुई महाशक्ति राष्ट्र अमेरिका र सोभियत संघ, यिनीहरुले बनाएका सैन्य गठबन्धन नेटो र बार्सा प्याक्ट दुबैमा सामेल नहुनु थियो । साथै यसको अन्तर्यमा शीत युद्धकालमा तेस्रो विश्वका नवस्वाधिन राष्ट्रहरु कुनै प्रकारको अन्तर्राष्ट्रिय ध्रुविकरण र तनावमा सामेल नहुनु थियो ।

एकअर्काको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको सम्मान, अनाक्रमण, अहस्तक्षेप, समानता र पारस्परिक लाभ, शान्तिपूर्ण सह-अस्तित्वजस्ता असंलग्न आन्दोलनले स्थापित गरेका पञ्चशीलका सिद्धान्त अद्यापि अनुपयुक्त हैनन् । तर, यी सिद्धान्तभन्दा पृष्ठभूमि र सन्दर्भ महत्वपूर्ण हुन्छ भन्ने हामीले बिर्सन हुँदैन ।

आज त्यतिखेरका दुई महाशक्ति राष्ट्र भनिएकामध्ये सोभियत संघ र बार्सा प्याक्टको कुनै अस्तित्व छैन । अमेरिका र नेटो कायमै छ । तर, यसले विश्वलाई एकध्रुबीय बनाइएको भने मान्न सकिन्न । अर्थात् अहिले विश्व न एक ध्रुवीय न दुई ध्रुवीय छ । नयाँनयाँ शक्ति राष्ट्रहरु नयाँनयाँ ढंगले विकसित भइरहेका छन ।

सिद्धान्ततः 'शक्तिशाली' र 'शक्तिहीन' राष्ट्रको सोचलाई मान्यता दिन सकिँदैन । साना हुन वा ठूलो, धनी हुन वा गरिब- सबै राष्ट्रहरुको सार्वभौमसत्ता बराबर हो भन्ने नै हाम्रो मूल मान्यता हो । तथापि विश्व शक्ति सन्तुलनको व्यावहारिक यथार्थलाई हामीले अवज्ञा गर्न सक्दैनौं । तसर्थ दोस्रो शीत युद्धको संभावनालाई पुरै अस्वीकार गर्न सकिन्न । तर दोस्रो भनिएको यो अमेरिका-चीन प्रतिस्पर्धाको विश्व व्यवस्था पहिलो शीत युद्धजस्तो वैचारिक कम र व्यापार युद्ध बढी हो भन्ने यथार्थलाई पनि उत्तिकै ख्याल गर्नु पर्दछ । हिजोको सोभियत संघको बार्सा प्याक्ट जस्तो चीनको कुनै भिन्नै सैन्य गठबन्धन छैन ।

अर्कोतिर हिजाका असंलग्न आन्दोलनका संस्थापक वा पैरवीकर्ता भनिएका राष्ट्रहरु आज आफै कति असंलग्न छन वा छैनन भन्ने प्रश्न छ । सन् १९७१ मा भारतले सोभियत संघसंग रणनीतिक महत्वको शान्ति, मित्रता र सहकार्य शान्तिमा हस्ताक्षर गरेको थियो सोभियत संघको विघठनपछि पनि भारतले झण्डै त्यही प्रकारको सन्धी रुससंग कायम राखेको छ ।

भारतले एकातिर युक्रेन युृद्धमा रुसको विपक्षमा मतदान गर्न अस्वीकार गरेर रुससंगको परम्परागत निकटतालाई कायम राख्न खोजेको छ भने अर्कोतिर अमेरिकासंग हिन्द प्रशान्त रणनीति र क्वाडमा संलग्न छ । यसले के प्रष्ट हुन्छ भने भारत आफै अहिले असंलग्न परराष्ट्र नीतिमा चलेको छैन । समानान्तर रुपमा संलग्न छ।

आज नेपालको वैधानिक अस्तित्व र पहिचान विश्वव्यापी रुपमा स्थपित छ, जो सन् १९९५० को दशमा असंलग्न आन्दोलनमा सहभागी भइरँदा यो स्तरमा थिएन । नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डताबारे विश्वस्तरमा कुनै शंका र दुुविधा छैन । तसर्थ नेपालले कुनै हीनताबोध गर्ने हैन । त्यस्तो सोचले हाम्रो परराष्ट्र नीति र कुटनीतिक सम्बन्ध कमजोर र प्रतिरक्षात्मक मात्रै हुन्छ ।

हामीले उत्तरी छिमेकी मुलुक चीनसंगका सीमा विवादलाई राम्ररी सल्टाएका छौं । भारतसंग केही सीमा विवाद छन्न तर ती सीमा विवाद हुन सार्वभौमसत्ता र भौगोलिक अखण्डताको पहिचान र मान्यतासंग जोडिएका प्रश्न हैनन् ।

दुई राज्य बीचका सीमा विवादलाई कहिँ पनि सार्वभौमसत्ता र भौगोलिक अखण्डतासंग जोडिएको सवाल मानिदैन । एकअर्काको अस्तित्व, पहिचान र सार्वभौमसत्ता स्वीकार गरिसकेका देश बीच सीमा विवाद हुने हो । जस्तो भारत र चीन बीच पनि सीमा विवाद छन्न । सीमा विवाद हुँदैमा ती देश एकअर्काको अस्तित्व र सार्वभौमसत्तालाई नै स्वीकार गर्दैनन् भन्ने अर्थ लाग्दैन ।

नेपालमा शासक वर्ग वा राजनीति दलका नेताहरुले बारम्बार सार्वभौमसत्ताको भय देखाउँनु जनतालाई तर्साएर मनोवैज्ञानिक शोषण र राजनीतिक दोहन गर्नु हो । आफ्नो देशको सार्वभौमसत्ताप्रति जनतालाई सुसुचित, सर्तक वा होसियार बनाउँनु राम्रो हो तर 'सदाबहार भय' देखाउँने र अन्य जिवन्त सवाललाई ओझल पार्ने काम भने राम्रो हैन ।

सधै सार्वभौमसत्ता र भौगोलिक अखण्डताको भयमा बाँचेर कुनै देशले प्रगति गर्न सक्दैन । सधै कुनै सम्पतिको स्वामित्व मेरो हो कि हैन भन्ने भ्रममा परियो भने त्यो सम्पतिको सही उपयोग हुन सक्दैन । सही सदुपयोग गर्ने योजना बन्न सक्दैन । तसर्थ सबै नेपालीमा आफ्नो देशको सार्वभौमसत्तामाथि विश्वको मान्यताप्रति निश्चिन्तताको भावना हुन पर्दछ । अनि मात्र हिनताभाषभन्दा माथि उठ्न सकिन्छ, । प्रतिरक्षात्मक हैन, सवल कुटनीति गर्न सकिन्छ ।

नेपालले 'भूराजनीति' को मात्र हैन भूअर्थनीति ( जियोइकोनमिक्स ) जैविक क्षेत्रीयता ( वायो रेजिनालिटी ) को कोणबाट समेत सोच्न पर्दछ । अर्थात् अन्तर्राष्ट्रिय सम्बन्धलाई हामीले जहिल्यै राजनीतिक विचारधाराको पूर्वाग्रहबाट हैन, परस्पर आर्थिक हित र वातावरणीय सहकार्यका दृष्टिकोणबाट हेर्न, पर्गेल्न र सोही बमोजिमको रणनीति अख्तियार गर्न आवश्यक हुन्छ ।

पछिल्लो समय भारत र चीनबीचको प्रतिस्पर्धाले निर्माण गरेको दक्षिण एशियाली परिदृष्य बढो विचित्रको छ, तर त्यसलाई हामीले गम्भीरतापूर्वक ध्यान नै दिएका छैनौं । सार्क लगभग निस्क्रिय भइसकेको छ । सार्कभित्रका ४ मुलुक अफगानिस्तान, पाकिस्तान, श्रीलंका र मालदिप्स चीन नजिक हुँदै गएका छन । अर्कोतिर भुटान, बंगलादेश र भारतको निकटता बढेको छ । सार्क र बिमस्टेकजस्ता क्षेत्रीय तथा सहकार्य संगठनका सीमालाई बुझ्दै हामीले 'बिबिआइएन' र 'आर्थिक संघ' जस्ता अवधारणको संभावनालाई जोड दिन पर्ने छ ।

जलवायू परिवर्तन आज वैश्विक सहकार्यको एक महत्वपूर्ण साझा मुद्धा बनेर अघि आएको छ । यो सवाल कुनै एक देश वा राज्यले हल गर्न सक्दैन । ओजन तहको विनासलाई रोक्न, कार्बन उत्सर्जनको न्युनीकरण र हरित तथा स्वच्छ उर्जाको उपयोगमा सिंगो विश्वले सहकार्य गर्न पर्दछ । जलवायु परिवर्तनसंगै वैश्विक आप्रबासन नीतिमा मानवीय दृष्टिकोणको विकास वैश्विक सहकार्यको उत्तिकै महत्वपूर्ण साझा सवाल हो ।

**१८. पार्टीः**

राजनीतिक दल सत्तामा चड्ने भर्याङ मात्रै हैन, लोकतान्त्रिक शासन व्यवस्थाको अपरिहार्य आवश्यकता हो । लोकतन्त्रमा दललाई साधन मात्र ठान्न हुँदैन, स्वयं साध्यको एक अंश मान्नु पर्दछ । असल, सुव्यवस्थित, अग्रगामी र कामकाजी दल लोकतान्त्रिक प्रभावकारिताको सुचक हो । असल, सवल र सक्षम दलहरु बीच स्वस्थ्य तथा रचनात्मक प्रतिस्पर्धा  र सहकार्यबाट मात्र लोकतन्त्र जिवन्त रहन सक्दछ । अनि मात्र लोकतन्त्र उन्नत सभ्यताको  पहिचान  र संमृद्धिको आधार बन्न सक्दछ।

पार्टीहरुको कार्यशैली र जीवनपद्धतिले लोकतन्त्रको प्रवृति निर्धारणमा ठूलो अर्थ राख्दछ । पार्टी निश्चित विधि, पद्धति, प्रणालीमा चल्नु पर्दछ । घोषणापत्र, विधान, नियमावली र  आचारसंहिताको तहत चल्नु पर्दछ । पार्टीका दस्तावेज वा घोषणापत्र लेख्न र बिर्सनका लागि बनेका हैनन् । ती लागू गर्नका लागि हुन । सार्वजनिक प्रतिबद्धता कुनै नेता, व्यक्ति वा समूहको स्वार्थमा लागू गर्ने वा नगर्ने छुट पार्टीभित्र हुनु हुँदैन ।

पार्टी कुनै एक व्यक्ति वा नेताको इच्छमा चल्नु पर्ने संस्था हैन । पार्टीका संस्थागत प्रक्रियाहरु सबैका लागि हुन । नेताहरु र मूल नेताका लागि पनि हुन । अझ अग्रगामी दृष्टिकोणमा यो 'नेता' र 'कार्यकर्ता' भन्ने विभाजन नै गलत हो । हाम्रो दृष्टिकोणमा  पार्टीभित्र पद र जिम्मेवारी हुन्छन । निर्णय गर्दा सबै नेता हुन । नीति बनाउँने नेता । कार्यान्यवन गर्दा सबै कार्यकर्ता हुन । नीति कार्यान्यवन गर्ने कार्यकर्ता । कार्यकर्ता नै नेता हो, नेता नै कार्यकर्ता । यो भिन्नाभिन्नै कुरा हैन । तसर्थ नेताका नामका कुनै व्यक्ति वा व्यक्तिहरुको समूहलाई पार्टीभित्र कुनै विशेषाधिकार वा अग्राधिकार हुँदैन ।

आजसम्मका सबैजसो राजनीतिक दलले यही गल्ती गरेका छन । निश्चित व्यक्ति वा व्यक्तिको समूहलाई नेतृत्वको नाममा जीवनभरि मूल पदहरुमा बस्ने, आफू खुशी निर्णय गर्ने, पद र अवसर पजनी

गर्ने अधिकार दिएका छन । यो बिल्कुलै गलत प्रवृति हो । यो प्रवृतिले नायकत्व र व्यक्तित्वपूजा हुँदै स्वेच्छाचारिता र निरंकुशतामा पुर्याउँछ । यो प्रवृति लोकतान्त्रिक हैन । गैरलोकतान्त्रिक चरित्रका दलले लोकतन्त्रलाई न्याय गर्न सक्दैनन् ।

विद्यमान संचरनाले नेताहरुलाई पार्टीमा 'अतिरिक्त शक्ति' ( क्गचउगिक एयधभच ) दिइरहेको छ । त्यसलाई आम पार्टी सदस्यमा फिर्ता गर्नु पर्दछ । जनताको सार्वभौम तथा राजकीय सत्ता दरबारमा हुनु मात्र 'निरंकुशता' हैन, पार्टी सदस्यको सार्वभौम तथा पार्टीसत्ता सीमित नेतामा हुनु पनि निरंकुशता नै हो । जसरी पार्टी शक्तिको स्रोत पार्टी सदस्य हुन, त्यसरी नै पार्टीसत्ता पार्टी सदस्यको साझा शक्ति हो ।

लोकतान्त्रिक दलमा पार्टी शक्तिलाई धेरै भन्दा धेरै वितरण गर्नु पर्दछ । कहिँ पनि थप वा अतिरिक्त शक्ति निहित रहन दिनु हुँदैन । शक्ति जति धेरै छिरलिन्छ, त्यति नै त्यसको खराब पक्ष कमजोर हुन्छ । शक्ति जतिधेरै केन्द्रिकृत हुन्छ, त्यति नै त्यसको खराब पक्ष बलियो हुन्छ ।

अहिले पार्टीहरुमा 'दुई सदस्यता प्रणाली' छ । पार्टीहरुमा पार्टी सदस्य बीच आन्तरिक निर्वाचन हुँदैन । टिकट दिने नदिने अधिकार सीमित नेतामा हुन्छ । जसले टिकटमा हस्ताक्षर गर्ने अधिकार पाएको हुन्छ, उसैले आफ्ना मान्छेलाई सकेसम्म धेरै टिकट दिन्छ । टिकट पाउँन यात नेताको नजिकको मान्छे हुनु पर्दछ, यात नेतालाई ठूलो रकम बुझाउँन पर्दछ । चुनावको बेला टिकट बेचेर नेताहरुले चुनाव खर्च वा पार्टीको गुट खर्च मात्र असुल्दैनन, व्यक्तिगत सम्पति समेत जोडेका आम उदाहरण छन । अग्रपन्थी पार्टीमा यो प्रवृतिको कुनै स्थान हुँदैन।

पार्टी महाधिवेशन गुटीय आधारमा छनौट गराइएर ल्याइएका प्रतिनिधिहरु मार्फत् हैन, आम पार्टी सदस्यबाट हुनु पर्दछ । आम पार्टी सदस्य मतदाता रहने गरी नेतृत्वको चुनाव हुनेछ । राष्ट्रिय महत्वका सवाल र दीर्घकालिन नीति, रणनीति तय गर्दा पार्टी सदस्यले खुल्ला रुपमा विचार व्यक्त र मतदान गर्ने छन ।

यो कुनै एउटा पार्टीले गर्ने, गर्न सक्ने वा नगर्ने, गर्न नसक्ने बिषय हैैन । देशको समग्र राजनीतिक प्रचलन र संस्कृतिको प्रश्न हो । राजनीतिक दल सम्बन्धि कानुनमा यसको बाध्यात्मक व्यवस्था हुनु पर्दछ । हामी त्यस्तो कानुन बनाउँन प्रतिबद्धता गर्दछौं ।

संविधान र राजनीतिक दल सम्बन्धी ऐनले यो अधिकार निर्वाचन आयोगलाई दिनु पर्दछ । जुन देशमा बहुदलीय लोकतान्त्रिक व्यवस्था हुन्छ, त्यो देशका राजनीतिक दलहरुको आन्तरिक निर्वाचान प्रक्रियालाई सहजीकरण गर्नु राज्यकै दायित्व हो । देशको निर्वाचन आयोगमा 'दलहरुको आन्तरिक निर्वाचन शाखा' खोलिने छ । यस्तो व्यवस्थाले दलभित्रका निर्वाचन निष्पक्ष हुन्छन । व्यवस्थापन खर्च राज्यले गर्नु पर्ने हुन्छ । निर्वाचन आयोगको अनुगमनकर्ता भूमिका बढ्दछ । दलहरुभित्र 'प्रत्यक्ष लोकतन्त्र' संभव हुन्छ ।

धेरै दलमा नियमित बैठक बस्ने, माइन्युट गर्ने, कार्यसूची तय गर्ने, छलफल गर्ने, सर्वसम्मत वा अल्पमत÷बहुमतको प्रक्रिया अबलम्बन गर्नेजस्ता सामान्य र दलीय प्रणालीका विश्वव्यापी मान्यता र बिधि पनि लागू नभएको बिडम्बनापूर्ण अबस्था छ । बैठक बस्दा आफ्नो पक्षको बहुमत पुग्छ कि पुग्दैन भनेर अगाडि नै हिसाब गर्ने, नपुग्ने देखिए बैठक नै छल्ने प्रचलन नेपालका दलमा व्यापक छ । यस्तो हुनु हुँदैन ।

दलतन्त्र सुधारको अर्को शर्त - 'प्राइमर' को प्रचलन स्थापित गर्नु हो । यसो गर्दा दलहरु टिकट दिने झमेलाबाट मुक्त हुन्छन । हरेक पार्टीभित्र जुन पार्टीका लागि जसले प्राइमर जित्दछ, उसलाई त्यस पार्टीको उम्मेद्वार स्वीकार गर्नु पर्दछ । पार्टीका नेताले टिकट दिने, टिकट पाए मात्र निर्वाचन लड्न पाइने प्रचलन दक्षिण एशियाको विकृत प्रचलन हो । संसारको अधिकांश लोकतन्त्रमा यो प्रचलन हुँदैन ।

पार्टीभित्रको समावेशिता र उमेर समूहको समायोजन अर्को महत्वपूर्ण पक्ष हो । यसलाई पनि राजनीतिक दल सम्बन्धी कानुनमा व्यवस्था गरि सबै दलमा समान रुपले लागू हुन सक्ने बनाउँन सकिन्छ । ३३% महिला आरक्षणको साटो दुई वा दुई भन्दा बढी संख्या हुने जुनसुकै पद महिला, पुरुषका लागि आधाआधा हुने प्रचलन स्थापित गर्ने हो । यसो गर्दा महिला सहभागिता ५० प्रतिशत पुग्दछ । लैङिगक अल्पसंख्यकको प्रतिनिधित्व, समावेशिता र सहभागिताका लागि भने निश्चित कोटा निर्धारण गर्नु पर्ने हुन्छ ।

सबै सामाजिक समूहलाई पार्टी संचरनाको सबै तहमा जनसंख्यायिक अनुपातका आधारमा प्रतिनिधित्व दिइनु पर्दछ । त्यसका साथै युवा, मध्यम, जेष्ठ उमेर समूहको प्रतिनिधित्व र सहभागिता अनुपातिक हुन पर्दछ । पार्टीहरुभित्र एक व्यक्ति, दुई कार्यकाल, एक कार्यकारी पद अनिवार्य हुनु पर्दछ । पार्टीभित्र अल्पमत पक्षलाई सम्मानजनक स्थान दिइनु पर्दछ । पार्टीभित्रको आन्तरिक निर्वाचनमा मुख्य पदका निकटतम प्रतिस्पर्धीहरुलाई सम्मानजक स्थान र निर्णय प्रक्रियामा सहभागिता दिनु पर्दछ । अन्यथा गुटबन्दी र टुटफुटको संभावना हुन्छ ।

१९.संगठनात्मक सिद्धान्त र लोकतान्त्रिक संस्कृतिः

अग्रपन्थलाई आत्मसात गर्ने, अग्रपथमा हिडेको राजनीतिक दलको संगठनात्मक सिद्धान्त लोकतान्त्रिक संहिताको सिद्धान्त (Theory of Democratic Conduct) हो । यस सिद्धान्तमा मुख्य तत्वहरु १. पार्टी शक्तिको स्रोत सार्वभौम पार्टी सदस्य २. प्रत्यक्ष लोकतन्त्रमा आधारित अन्तर्पार्टी लोकतन्त्र, ३. समानुपातिक तथा समावेशी प्रतिनिधित्व, ४. पदको मतदान गोप्य, विचारको मतदान खुल्ला, ५. विचारमा विविधता, कार्यरुपमा एकता ६. बहुमतको कार्यान्वयन, अल्पमतको सम्मान, ७. पार्टीभित्रै शक्तिपृथकीकरण, नियन्त्रण र सन्तुलनको व्यवस्था ८. सबै तहको राजकीय पद र मनोनयनका लागि आन्तरिक प्राइमर ९.व्यक्ति हैन, पद पूर्णकालिन १०. एक व्यक्ति एक पद, दुई कार्यकाल ११.स्वायक्त जनसंगठन १२. आआफ्नो ठाउँमा स्वायक्त पार्टी कमिटी १३. पारदर्शी पार्टी कोष हुनेछन।

नेतृत्वको अनावश्यक भक्ति र चाकरी गर्ने, किलोकिलोका माला लगाइदिने, जयजयकार गर्ने, भद्धा र तडकभडकपूर्ण मञ्च व्यवस्थापन गर्ने, बरिष्ठ-कनिष्ठको भावना आवश्यकताभन्दा ज्यादा पाल्ने, अत्याधिक आसनग्रहण र वक्ता राख्ने, पार्टी पोर्टफोलिया र हैसियतप्रति असाध्यै सतर्क हुने, आसनग्रहण वा बैठक-पुस्तिकामा नाम लेख्दा सामान्य अघिपछि हुनुलाई समेत मानअपमानको बिषय ठान्ने जस्ता सोच र अभ्यास पूर्णतः अन्त्य गर्दै गैरपदसोपानीय समतामुलक पार्टी संस्कृति स्थापित हुनेछ । यस्ता भद्धा, अनावश्यक र मानिसलाई 'सानो-ठूलो' बनाई मनोवैज्ञानिक समस्या सृजना गर्ने प्रचलन अनावश्यक हो ।

वैधानिक व्यवस्थाद्धारा कुनै उमेर समूहको व्यक्तिलाई राजनीतिक अधिकारबाट रोक्न उचित हुँदैन । तर, ७५ बर्षभन्दा बढी उमेर पुगेकाले कार्यकारी पदहरु नओट्ने मार्गदर्शक तथा सल्लाहकारको रुपमा भूमिका गर्ने संस्कृतिक प्रचलन स्थापित गर्नु राम्रो हुन्छ ।

**२०.समापनः**

आधुनिक मानव सभ्यताका तीन पछिल्ला अठारौं, उन्नाइसौं र बीसौं शताब्दिका वैचारिक ज्ञान र व्यवहारिक अनुभवलाई हेर्दा बामपन्थ, दक्षिणपन्थ र पश्चपन्थको युग समाप्त भइसकेको छ । नयाँ शताब्दि, एक्काइशौं शताब्दिको सही कार्यदिशा अग्रपन्थ नै हो ।

देश बनेन भनेर गुनासो गर्नु अघि देश बनाउँने सोच, प्रतिबद्धता र क्षमता भएको राजनीतिक शक्ति आवश्यक हुन्छ । देश आफै बन्ने हैन, देश बनाउँने प्रतिबद्धता, सोच, योजना, क्षमता र लगनशीलता भएको राजनीतिक शक्तिको अगुवाईमा आम जनताले देश बनाउँने हो ।

आजसम्मका राजनीति शक्ति र दलले सुशासित, सभ्य, सुसंस्कृत, समन्यायिक, समावेशी र संमृद्धि देश बनाउँन सकेनन् भन्नुको अर्थ तिनीहरुमा त्यो सोच र समश्र्य नै थिएन । यदि थियो त तिनले गर्थे होला । यदि गरेनन, गर्न चाहनेन भने गर्न सक्दैनन पनि । जसले गर्न सक्दैनन् भन्ने बारम्बार व्यवहारबाटै पुष्टि भएको छ, तिनीहरुकै आशा गरिहनुको कुनै अर्थ हुँदैन ।

तसर्थ एक अग्रगामी, प्रगतिशील, समावेशी तथा लोकतान्त्रिक दल आजको अपरिहार्य आवश्यकता हो । पहिले राम्रो दल बनाएर देखाउँ, अनि राम्रो देश बन्ला । एउटा राम्रो दल बनाउन नसक्ने हो भने राम्रो देश बनाउँने गफले मात्र हुँदैन ।

लोकतन्त्रमा पार्टीसत्ता राज्यसत्ताकै पूर्व रुप हो । कुनै पार्टीका नेता÷कार्यकर्ताले जेजस्तो पार्टी बनाएका वा चलाएका छन, उनीहरुले बनाउँने र चलाउँने राज्य पनि त्यस्तै हुन्छ । आफै अलोकतान्त्रिक, असमावेशी र कुशासित दलले लोकतान्त्रिक, समावेशी र सुशासित राज्य र देश बनाउँन सक्ने कुनै संभावना हुँदैन।

असल पाटी बनाउँ- सुशासित राज्य बन्छ । सुशासित राज्य बनाउँ, संमृद्ध राष्ट्र बन्छ । संमृद्ध राष्ट्र बनाउँ, खुशीयालीपूर्ण समाज बन्छ ।

अग्रगामी प्रस्तावना

अग्रपथको एक मात्र अभिष्ट छः- शान्त, समुन्नत, संमृद्ध र सामञ्जस्यतायुक्त खुशीयालीपूर्ण मानव समाज ।

धन्यवाद ।

अग्रपथको प्रस्तावना